जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

# जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १०१ • २०८३ साल भाद्र १३ गते शनिवार (29 August, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

### भोटेकोशी बाढी:

## मधेशका १५ जना परिवारको सम्पर्कमा



**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवाको भोटेकोशी नदी आएको बाढीपछि हराइरहेका मधेश प्रदेशका १२७ मध्ये आज १५ जना परिवारको सम्पर्कमा आएका छन् । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले बाढीपछि प्रदेशका १२७ जना सम्पर्कविहीन भएकामा आज टेलिफोनमार्फत १५ जना सम्पर्कमा आएको बताए ।

हालसम्म सप्तरीका ३२, पर्साका २८, रौतहटका १५, बाराका १९, सर्लाहीका १०, महोत्तरीका १०, धनुषाका पाँच र सिरहाका आठ जना सम्पर्कविहीन रहेका विवरण प्राप्त भएको प्रवक्ता ढकालले बताए ।

उनले शुक्रबार दिउँसोसम्ममा पर्साको वीरगञ्ज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटका ईशनाथ नगरपालिका-४ का सेख मजिद, रौतहटको चन्द्रपुर नगरपालिका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवाल सम्पर्कमा आएको बताए ।

त्यस्तै सर्लाहीको लालबन्दी नगरपालिका-१ का बृजकिशोर दास, सुनिता दास, श्यामलाल मोक्तान, महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार यादव र धनुषाको सबैला नगरपालिकाका लक्ष्मण मेहता, हड्सपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव र सुरेश पजियार परिवारको सम्पर्कमा आएका प्रवक्ता ढकालले बताए ।

मधेश प्रदेशका जिल्लाबाट थुप्रै नागरिक सम्पर्कविहीन भएका सूचना आउन थालेपछि प्रहरी कार्यालयले सम्पर्कविहीन भएकाहरूको विवरण संकलन गर्न थालेको प्रवक्ता ढकालले बताउनुभयो । बाढीपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेकाको खोजीका लागि विवरण संकलन गर्न थालिएको उनले बताए ।

मधेशका विभिन्न जिल्लाबाट रोजगारी, व्यवसाय तथा अन्य कामका लागि रसुवा पुगेका नागरिकसमेत विपद्को चपेटामा परेपछि परिवारजन चिन्तित बनेका छन् ।

सम्पर्कविहीन व्यक्तिको खोजी, उद्धार तथा पहिचानका लागि सम्बन्धित निकायले समन्वय गरी तत्काल प्रभावकारी खोजी कार्य अघि बढाउन समन्वय भइरहेको प्रवक्ता ढकालले बताए ।

सम्बन्धित परिवार तथा आफन्तले सम्पर्कविहीन व्यक्तिबारे कुनै जानकारी प्राप्त भएमा सम्बन्धित जिल्ला प्रशासन, प्रहरी तथा स्थानीय प्रशासनलाई जानकारी गराउन उनले आग्रह गरे ।

### लेखा कर्मचारी सरुवा: वित्तीय सुशासन कि प्रशासनिक 'सफाइ' ?

## 'एक कर्मचारी-एक कार्यालय' नीति कडाइका साथ लागू गर्ने मधेश सरकारको तयारी




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले वित्तीय प्रशासनमा लामो समयदेखि देखिँदै आएको एउटै कार्यालयमा कर्मचारीको 'लामो बसाइ' र त्यसबाट सिर्जना हुन सक्ने स्वार्थसम्बन्धी जोखिम न्यूनीकरण गर्ने उद्देश्यले लेखा समूहका ७६ जना कर्मचारीलाई एकैपटक सरुवा गरेको छ ।

मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयले दुई वर्षभन्दा लामो समय एउटै कार्यालयमा कार्यरत लेखा अधिकृत तथा लेखापाललाई सरुवा गरेको छ । मन्त्रालयले यस कदमलाई आर्थिक सुशासन कायम गर्ने, प्रशासनिक दक्षता बढाउने तथा एउटै कार्यालयमा लामो समयदेखि जरा गाडेर बस्ने प्रवृत्ति अन्त्य गर्ने अभियानका रूपमा व्याख्या गरेको छ ।

अर्थ मन्त्रालयले जनाए अनुसार सरुवा हुने कर्मचारीमा लामो समय एउटै कार्यालयमा कार्यरत रहेका तथा निरन्तर आकर्षक मानिएका कार्यालय वा अड्डामा बसेका कर्मचारीसमेत समेटिएका छन् ।

मधेश प्रदेश गठनपछि लेखा फाँटमा कार्यरत कर्मचारीहरूलाई यति ठूलो संख्यामा एकैपटक सरुवा गरिएको दाबी गरिएको छ । एकैपटक ७६ जना लेखा अधिकृत तथा लेखापालको सरुवा भएपछि प्रदेशको वित्तीय प्रशासनमा यो निर्णयले विशेष अर्थ राखेको छ ।

यद्यपि, मधेश प्रदेश स्थापनापछि विगतमा कति वर्षको अन्तरालमा कति संख्यामा लेखा समूहका कर्मचारी सरुवा भए भन्ने विस्तृत तुलनात्मक तथ्यांक सार्वजनिक रूपमा उपलब्ध नभएसम्म यसलाई 'पहिलोपटक' वा 'सबैभन्दा ठूलो' सरुवा भएको निष्कर्षलाई थप आधिकारिक तथ्यांकबाट पुष्टि गर्नुपर्ने देखिन्छ ।

तर, मन्त्रालयले सार्वजनिक गरेको निर्णयअनुसार लामो समय एउटै कार्यालयमा कार्यरत कर्मचारीलाई लक्षित गरी एकै चरणमा ७६ जनालाई सरुवा गर्नु भने प्रदेशको वित्तीय प्रशासनमा ठूलो प्रशासनिक पुनर्संरचनाका रूपमा लिन सकिन्छ ।

लेखा प्रशासन सरकारी कार्यालयको अत्यन्त संवेदनशील क्षेत्र मानिन्छ । बजेट खर्च, बिल भुक्तानी, लेखा परीक्षण, राजस्व तथा सरकारी रकमको वित्तीय कारोबार जस्ता विषयमा लेखा समूहका कर्मचारीको प्रत्यक्ष संलग्नता हुन्छ । यस्तो संवेदनशील जिम्मेवारीमा एउटै कर्मचारी लामो समयसम्म एउटै कार्यालयमा रहँदा संस्थागत स्मरण र अनुभव बढ्ने सकारात्मक पक्ष भए पनि अर्को कोणबाट स्वार्थको जालो निर्माण हुने, बाह्य प्रभाव बढ्ने वा कार्यालयभित्र निर्णय प्रक्रियामा अनावश्यक प्रभाव जम्ने जोखिम पनि रहन्छ ।

विशेषगरी एउटै कार्यालयमा लामो समयदेखि कार्यरत कर्मचारी, कार्यालय प्रमुख, सेवाग्राही तथा नियमित आर्थिक कारोबार गर्ने पक्षबीच अत्यधिक निकटता विकास भएमा निष्पक्षता र पारदर्शितामाथि प्रश्न उठ्न सक्ने अवस्था आउन सक्छ ।

त्यसैले नियमित र पूर्वानुमेय सरुवा प्रणालीलाई वित्तीय अनुशासनको एउटा महत्वपूर्ण औजारका रूपमा हेरिन्छ ।

अर्थ मन्त्रालयले अर्को महत्वपूर्ण निर्णय गर्दै 'एक कर्मचारी, एक कार्यालय' नीति अघि सारेको छ । यसअघि जनशक्ति अभावको कारण देखाउँदै एउटै लेखा कर्मचारीलाई तीनदेखि चारवटासम्म कार्यालयको जिम्मेवारी दिने अभ्यास रहेको अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए । अब त्यस्तो व्यवस्था अन्त्य गरी प्रत्येक कर्मचारीलाई एउटै कार्यालयको जिम्मेवारी दिने नीति कडाइका साथ लागू गर्ने तयारी गरिएको छ ।

एउटै कर्मचारीले धेरै कार्यालयको लेखा हेर्दा कामको भार अत्यधिक बढ्ने, नियमित अनुगमन प्रभावित हुने, निर्णय प्रक्रियामा ढिलाइ हुने तथा कुनै त्रुटि भए त्यसको जिम्मेवारी निर्धारण गर्नसमेत कठिन हुने अवस्था आउन सक्ने उनको कथन छ ।

एक कर्मचारीलाई एक कार्यालयमा केन्द्रित गर्दा जिम्मेवारी, जवाफदेहिता र कार्यसम्पादन मूल्यांकन थप स्पष्ट हुने मधेश प्रदेश सरकारका प्रवक्तासमेत रहेका अर्थमन्त्री भट्टराईले बताए ।

मधेश प्रदेशका ७६ जना लेखा अधिकृत तथा लेखापालको एकैपटक सरुवाले अहिले कर्मचारीहरुबीचमा पनि विभिन्न खाले टिकाटिप्पणी हुन थालेको छ । कतिपयले यसलाई प्रशासनिक सफाईको रुपमा अर्थ्याउन थालेका छन् ।

सरुवा आदेशलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरुवा भएका कर्मचारीहरूले ७ दिनभित्र साविक कार्यालयबाट रमाना लिई नयाँ पदस्थापना भएको कार्यालयमा हाजिर भइसक्नुपर्ने मन्त्रालयले जनाएको छ ।

तोकिएको समयावधिभित्र रमाना नलिइ बस्ने कर्मचारीको साविक कार्यालयको खाता सञ्चालन अधिकार रोक्का गर्न प्रदेश कोष नियन्त्रक कार्यालयलाई निर्देशन दिएको मन्त्री भट्टराईले स्पष्ट पारे । उनले सार्वजनिक प्रशासनलाई थप पारदर्शी र जनउत्तरदायी बनाउने क्रममा सरुवा भएका कर्मचारीहरूको सूची मन्त्रालयको आधिकारिक वेबसाइट मार्फत सार्वजनिक गरिने बताए ।

## जनैपूर्णिमा, ऋषितर्पणी र रक्षाबन्धन मनाइयो



**टुडे समाचारदाता**

जनकपुरधाम । श्रावण शुक्ल पूर्णिमाका अवसरमा मनाइने ऋषितर्पणी, जनैपूर्णिमा तथा रक्षाबन्धन पर्व शुक्रबार जनकपुरधामसहित मधेश प्रदेशभर धार्मिक एवं सांस्कृतिक विधिअनुसार श्रद्धा र उल्लासका साथ मनाइएको छ । यस पर्वको अवसरमा बिहानैदेखि विभिन्न नदी, पोखरी, कुण्ड तथा धार्मिकस्थलमा स्नान गर्ने, ऋषिलाई तर्पण दिने, नयाँ जनै धारण गर्ने तथा दिदीबहिनीले दाजुभाइको हातमा राखी बाँध्ने क्रम चलेको थियो ।

मधेश प्रदेशका विभिन्न जिल्लामा रहेका धार्मिक तथा ऐतिहासिक स्थलमा बिहानैदेखि भक्तजनको भीड लागेको थियो । विशेषगरी जनकपुरधामका धनुषसागर र गंगासागर लगायतका धार्मिक जलाशयमा स्नान तथा पूजाआजा गर्न श्रद्धालु पुगेका थिए । जनकपुरधाममा रहेको जानकी मन्दिर आसपासका क्षेत्रमा पनि पर्वको चहलपहल देखिएको थियो ।

हिन्दु धर्मावलम्बीले श्रावण शुक्ल पूर्णिमाका दिन स्नान गरी शुद्ध भएर नयाँ यज्ञोपवीत अर्थात् जनै धारण गर्ने तथा रक्षासूत्र बाँध्ने परम्परा रहिआएको छ । श्रावण महिनामा स्नान गरी धार्मिक कर्म गरिने भएकाले यस पर्वलाई श्रावणी स्नान समेत भनिन्छ ।

जनकपुरधाम मिथिला क्षेत्रको प्रमुख धार्मिक केन्द्र भएकाले जनैपूर्णिमा तथा रक्षाबन्धनका अवसरमा यहाँ विशेष धार्मिक गतिविधि हुने गरेको छ । शुक्रबार बिहानैदेखि धनुषसागर, गंगासागरलगायतका जलाशयमा श्रद्धालु स्नान तथा पूजाआजाका लागि पुगेका थिए ।

स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण दिने तथा वैदिक विधिअनुसार नयाँ जनै धारण गर्ने परम्परा छ । जनै धारण गर्ने क्रममा वैदिक मन्त्रको उच्चारण गर्दै पुरोहितबाट यज्ञोपवीत परिवर्तन गरिन्छ ।

धर्मशास्त्रविद् प्रा. डा. देवमणि भट्टराईका अनुसार आजको दिन सप्तऋषि काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गरिने भएकाले यस दिनलाई ऋषितर्पणी भनिएको उहाँले बताउनुभयो ।

मधेश प्रदेशमा जनैपूर्णिमासँगै रक्षाबन्धन अर्थात् राखी पर्व पनि विशेष महत्वका साथ मनाइएको छ । शुक्रबार दिदीबहिनीले आफ्ना दाजुभाइको नाडीमा रक्षासूत्र तथा राखी बाँधेर दीर्घायु, सुख, समृद्धि र स्वास्थ्यको कामना गरे ।

मधेशमा विशेष लोकप्रिय रहेको राखी पर्व पछिल्लो समय काठमाडौं उपत्यका तथा पहाडी जिल्लामा समेत विस्तार हुँदै गएको छ । दिदीबहिनी र दाजुभाइबीचको आत्मीयता, प्रेम र पारिवारिक सम्बन्ध अझ प्रगाढ बनाउने पर्वका रूपमा रक्षाबन्धनलाई लिइन्छ ।

जनकपुरधामका बजारमा केही दिनअघिदेखि नै रंगीचंगी राखी, मिठाई तथा पूजा सामग्रीको कारोबार बढेको थियो । पर्वका दिन भने परिवार तथा आफन्तजनबीच भेटघाट गर्ने र एकअर्कालाई शुभकामना दिने क्रम चलेको थियो ।

रक्षाबन्धनका अवसरमा ब्राह्मण तथा पुरोहितले वैदिक मन्त्रोच्चारण गर्दै यजमानको नाडीमा रक्षासूत्र बाँध्ने परम्परा पनि छ । धार्मिक मान्यताअनुसार जप, तप तथा पूजाबाट मन्त्रिएको रक्षासूत्रले मानिसको रक्षा गर्ने विश्वास गरिन्छ । धर्मशास्त्रविद् भट्टराईका अनुसार सत्ययुगमा दानवबाट लखेटिएका देवगणको रक्षाका लागि गुरु वृहस्पतिले रक्षा विधान तयार गरेको र त्यसैसँग सम्बन्धित पौराणिक मान्यताका आधारमा रक्षाबन्धनको परम्परा सुरु भएको मानिन्छ ।

वैदिक गुरु परम्परामा यज्ञोपवीत अर्थात् जनैलाई ब्रह्मसूत्र तथा ज्ञानको धागो का रूपमा लिइन्छ । जनैका विभिन्न डोरा तथा शिखालाई धार्मिक एवं दार्शनिक प्रतीकका रूपमा व्याख्या गरिएको छ ।

जनैको एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीक मानिन्छ भने अर्को डोराका तीन शिखालाई कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिने धार्मिक मान्यता छ ।

जनैपूर्णिमाका दिन वैदिक विधिअनुसार मन्त्रिएको नयाँ जनै धारण गरिने भएकाले पनि यस पर्वलाई जनैपूर्णिमा भन्ने गरिएको छ ।

जनैपूर्णिमाको अर्को महत्वपूर्ण सांस्कृतिक पक्ष क्वाँटी खाने परम्परा हो । मधेशसहित देशका विभिन्न भागमा शुक्रबार एघार थरिका गेडागुडी मिसाएर भिजाउने, टुँसा उमार्ने र पकाएर क्वाँटी खाने चलन छ । धर्मशास्त्रीय मान्यताअनुसार वर्षायाममा क्वाँटी खानाले शरीरमा ताप र ऊर्जा प्रदान गर्नुका साथै चिसोबाट बचाउन सहयोग गर्ने विश्वास छ । खेतीपातीको व्यस्त समयमा शरीरलाई आवश्यक पोषण प्राप्त हुने भएकाले पनि क्वाँटी खाने परम्परा स्वास्थ्य र संस्कृतिसँग जोडिएको पाइन्छ ।


पर्वका अवसरमा मधेश प्रदेशका विभिन्न धार्मिक तथा ऐतिहासिक स्थलमा विशेष चहलपहल देखिएको थियो । धनुषाको जनकपुरधामका धनुषसागर र गंगासागरमा स्नान तथा पूजाआजाका लागि श्रद्धालु पुगेका थिए ।

त्यस्तै प्रदेशका अन्य जिल्लाका नदी, पोखरी तथा धार्मिकस्थलमा पनि स्थानीयस्तरमा पर्व मनाइएको थियो । परिवारका सदस्य तथा आफन्तबीच भेटघाट, राखी बाँध्ने र मिठाई आदानप्रदान गर्ने क्रमले पर्वको सामाजिक पक्षलाई थप जीवन्त बनाएको थियो ।


जनैपूर्णिमा तथा ऋषितर्पणीका अवसरमा देशभरका विभिन्न धार्मिकस्थलमा पनि विशेष मेला तथा धार्मिक कार्यक्रम आयोजना भए । काठमाडौंको पशुपतिनाथ, गोकर्णेश्वर, डोलेश्वर, सन्तानेश्वरलगायतका शिवालयमा श्रद्धालुको उल्लेख्य उपस्थिति रहेको थियो ।

यसैगरी काठमाण्डु उपत्यकाको उत्तरपूर्वी भेगस्थित मणिचूड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, जुम्लाको दानसाधु तथा नवलपरासीको त्रिवेणीधामलगायतका ताल, पोखरी तथा कुण्डमा पनि स्नान र पूजाआजाका लागि भक्तजन पुगेका थिए ।

यसरी जनैपूर्णिमा, ऋषितर्पणी र रक्षाबन्धनले धार्मिक आस्था, वैदिक परम्परा, पारिवारिक सम्बन्ध तथा सामाजिक सद्भावलाई एकैसाथ जोड्ने पर्वका रूपमा निरन्तरता पाउँदै आएको छ । विशेषगरी मिथिला संस्कृतिको केन्द्र जनकपुरधाम र मधेश प्रदेशमा यस पर्वले धार्मिक अनुष्ठानसँगै पारिवारिक तथा सामाजिक सम्बन्धलाई थप बलियो बनाउने अवसर प्रदान गरेको छ ।



# पहिचान र परीक्षणका लागि ४९ शव जिल्लाबाहिर पठाइयो



नवलपुर । रसुवा बाढीले बगाएर नारायणी नदीमा ल्याएको शवमध्ये ४९ वटा शव जिल्ला बाहिर पठाइएको छ । नारायणी नदीको नवलपरासी (बर्दघाट-सुस्तापूर्व)तर्फको भागमा भेटिएको शव जिल्लामा व्यवस्थापन गर्ने ठाउँ अभावका कारण पहिचान र परीक्षणका लागि जिल्ला बाहिर पठाइएको हो ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायकाअनुसार यहाँबाट ४१ वटा शव पोखरा तथा आठवटा शव पाल्पा जिल्लामा पठाइएको छ । उहाँका अनुसार पोखराको गण्डकी अस्पतालमा ११ वटा महिला, २० वटा पुरुष, तीनवटा बालक तथा सात बालिकाको शव पठाइएको छ ।

त्यस्तै पाल्पा पठाइएका आठवटा शवमध्ये लुम्बिनी मेडिकल कलेज प्रभासमा एक महिला तथा एक बालिका, प्रदेश अस्पताल पाल्पामा दुईवटा महिला तथा पुरुष र बालकको एक-एकवटा र मिसन अस्पताल पाल्पामा दुईवटा पुरुषको शव पठाइएको उपाध्यायले बताउनुभयो ।

जिल्लामा शवको व्यवस्थापन गर्ने स्थान अभावका कारण अन्यत्र जिल्लाका शव पठाउन सकिने अस्पतालहरूसँग सहकार्य एवं संवाद भइरहेको प्रमुख जिल्ला अधिकारी उपाध्यायले बताउनुभयो ।

"भोटेकोशी बाढीका कारण जिल्लामा धेरै शव फेलापरेका छन्, नदी घट्दै जाँदा थप शव भेटिन सक्ने सम्भावना छ", उहाँले भन्नुभयो, "यति धेरै शव जिल्लामा व्यवस्थापन गर्न सक्ने अवस्था नहुँदा बाहिर पठाउन बाध्य भयौं ।"

शुक्रबार दिउँसोसम्मको पछिल्लो विवरणअनुसार नवलपुरमा नारायणी नदीले बगाएर ल्याएको ११० वटा शव फेलापरेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक (डिएसपी) अनिल पण्डितकाअनुसार नदी किनारमा भेटिएका सबै शव मुचुल्का उठाएर सुरक्षित स्थानमा राखिएको छ । नारायणी नदीले छोएका जिल्लाका पाँचवटा पालिकामध्ये सबैभन्दा धेरै ६९ वटा शव गैँडाकोट नगरपालिका क्षेत्रमा भेटिएको उहाँले बताउनुभयो ।

जिल्ला बाहिर पठाइएको ४९ वटा शवबाहेक अन्य शव जिल्लाका विभिन्न अस्पतालमा सुरक्षित राखिएको छ । उहाँका अनुसार मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा २१, नगर अस्पताल गैँडाकोटमा ३५, नगर अस्पताल मध्यविन्दुमा पाँचवटा शव व्यवस्थापन गरिएको छ । ती शव गैँडाकोटमा ६९, देवचुलीमा आठ, कावासोतीमा छ, मध्यविन्दुमा १८ तथा विनयी त्रिवेणीमा नौवटा शव फेलापरेका हुन् ।

गैँडाकोटमा भेटिएको ६९ वटा शवमध्ये एउटा शवको पहिचान खुलेको छ । इलाका प्रहरी कार्यालय गैँडाकोटका प्रमुख प्रहरी निरीक्षक लक्ष्मण गिरीका अनुसार आफन्तले दाबी गरेको एउटा शव मध्यविन्दु प्रादेशिक अस्पताल डण्डा पठाइएको छ ।

नवलपुरतर्फको नारायणी नदी किनारमा खोजीका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाको सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी उपाध्यायले बताउनुभयो ।

नदी किनारमा खोजीका लागि विपद् व्यवस्थापन तालिमप्राप्त सुरक्षाकर्मीसहितको टोली परिचालन भएको उहाँको भनाइ छ ।

## भोटेकोशी विपत्तिको तेस्रो दिन :

# राहत, खोजी र उद्धार कार्य तीव्र

टुडे समाचारदाता

काठमाण्डु । चीनको तिब्बतस्थित हिमताल फुट्दा रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी आकस्मिक बाढीपछि तेस्रो दिन पनि प्रभावित क्षेत्रमा राहत, खोजी तथा उद्धार कार्य तीव्र पारिएको छ । बाढीले रसुवासहित नुवाकोट, धादिङ, गोरखा, चितवन, तनहुँ र नवलपरासी पूर्वलगायतका जिल्लामा जनधनको ठूलो क्षति पुर्‍याएपछि सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरू प्रभावितको उद्धार र बेपत्ताको खोजीमा परिचालित छन् ।



बाढीका कारण कहाँ कति मानवीय तथा भौतिक क्षति भयो भन्ने पूर्ण विवरण अझै संकलन भइसकेको छैन । नदीको बहावसँगै बगेका तथा सम्पर्कविहीन भएका व्यक्तिको संख्या ठूलो रहेकाले विभिन्न जिल्ला प्रशासन, प्रहरी कार्यालय र स्थानीय तहबाट तथ्यांक संकलन तथा प्रमाणीकरणको काम भइरहेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडीआरआरएमए) सार्वजनिक गरेको अद्यावधिक विवरणअनुसार हालसम्म ५७९ जनाको शव फेला परेको छ । ४ हजार ४५१ जनालाई घाइते तथा अन्य अवस्थाबाट उद्धार गरिएको छ भने १ हजार ९२४ जना अझै सम्पर्कविहीन छन् । सम्पर्कविहीनमध्ये २७ जना प्रहरी कर्मचारी छन् । खोजी, उद्धार तथा राहतका लागि १५ हजार ४३१ सुरक्षाकर्मी परिचालन गरिएको छ । हालसम्म १०१ जना घाइते रहेको विवरणमा उल्लेख छ ।

यद्यपि, उद्धार भइरहेका व्यक्ति, विभिन्न स्थानमा फेला पर्ने शव तथा आफन्तले सम्पर्कविहीनको विवरण थप गराउने क्रम जारी रहेकाले तथ्यांकमा निरन्तर परिवर्तन भइरहेको छ । प्राधिकरणले उद्धार गरिएका व्यक्तिको विवरणसमेत सार्वजनिक गर्न थालेको छ ।

बाढीबाट सबैभन्दा बढी प्रभावित रसुवाको टिमुरे, रसुवागढी, स्याफ्रुबेँसी, धुन्चे तथा आसपासका क्षेत्रमा हवाई उद्धारलाई प्राथमिकता दिइएको छ । नेपाली सेनाका हेलिकोप्टरसँगै निजी क्षेत्रका हेलिकोप्टरसमेत परिचालन गरी जोखिममा रहेका तथा घाइतेलाई सुरक्षित स्थानमा ल्याउने काम भइरहेको छ ।

यसअघि प्राधिकरणका अनुसार टिमुरेबाट मात्रै ठूलो संख्यामा नेपाली तथा विदेशी नागरिकको हवाई उद्धार गरिएको थियो । सेनाका हेलिकोप्टरमार्फत प्रभावित क्षेत्रबाट उद्धार अभियान सञ्चालन भइरहेको छ भने निजी क्षेत्रले पनि उद्धारमा सहयोग गरिरहेको छ ।

उद्धार गरिएकालाई नजिकका सैनिक ब्यारेक तथा सुरक्षित स्थानमा राखेर खाना, स्वच्छ खानेपानी, औषधि तथा प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था मिलाइएको छ ।

भोटेकोशीमा आएको बाढी त्रिशूली नदीमा मिसिएपछि त्यसको प्रभाव नदी तटीय क्षेत्रमा समेत फैलिएको छ । रसुवाको टिमुरे र स्याफ्रुबेँसी हुँदै नुवाकोट, धादिङ, गोरखा र चितवनतर्फ पुगेको बाढीका कारण नदी किनारका बस्ती र संरचनामा ठूलो क्षति भएको छ ।

बाढीको बहावसँगै बगेका मानिस तथा सामग्री नदीको तल्लो तटीय क्षेत्रमा पुग्न सक्ने भएकाले सुरक्षाकर्मीले सम्भावित स्थानहरूमा खोजी गरिरहेका छन् । चितवन, धादिङ, नुवाकोट र गोरखालगायतका जिल्लामा शव फेला पर्ने क्रमसमेत जारी छ । प्रारम्भिक विवरणमै विभिन्न जिल्लामा ठूलो संख्यामा शव फेला परेको प्रहरीले जनाएको थियो ।

बाढीले विद्युत्, मोबाइल तथा दूरसञ्चार सेवा अवरुद्ध पारेका कारण कतिपय व्यक्तिसँग सम्पर्क स्थापित हुन नसकेको छ । यसले सम्पर्कविहीनको वास्तविक संख्या यकिन गर्न थप कठिन भएको छ ।

रसुवामा काम, व्यवसाय, रोजगारी तथा अन्य प्रयोजनका लागि पुगेका देशका विभिन्न जिल्लाका नागरिकसमेत सम्पर्कविहीन भएको स्थानीय प्रशासनले जनाएको छ । गोरखाबाट मात्रै रसुवा तथा नुवाकोट क्षेत्रमा रहेका ५८ जना सम्पर्कविहीन भएको प्रारम्भिक विवरण सार्वजनिक भएको छ । मकवानपुरका ६९ जनाको अवस्थाबारे पनि प्रशासनले विवरण संकलन गरिरहेको छ ।

त्यस्तै, कैलालीबाट ४० जना सम्पर्कविहीन भएको जिल्ला प्रहरीको प्रारम्भिक विवरण छ ।

रसुवाको भन्सार कार्यालयका कर्मचारी तथा विभिन्न बैंकका कर्मचारीसमेत बाढीपछि सम्पर्कमा नरहेको विवरण सार्वजनिक भएका छन् । रसुवामा रहेका नौवटा वाणिज्य बैंकका शाखामा कार्यरत करिब २६ कर्मचारीसँग सम्पर्क हुन नसकेको नेपाल बैंकर्स संघले जनाएको छ ।

बाढीको प्रत्यक्ष प्रभाव सुरक्षाकर्मीमाथि पनि परेको छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका कर्मचारीसमेत सम्पर्कविहीन छन् ।

प्रारम्भिक विवरणमा रसुवामा नेपाली सेनाका ४४ जना, नेपाल प्रहरीका २८ जना र सशस्त्र प्रहरीका नौ जना सम्पर्कविहीन रहेको जनाइएको थियो । खोजी तथा उद्धार अभियानमा सुरक्षाकर्मी नै ठूलो संख्यामा परिचालित भइरहेका बेला उनीहरूकै सहकर्मी र परिवारजनको अवस्था यकिन गर्नुपर्ने चुनौती पनि थपिएको छ ।

भोटेकोशीमा यति ठूलो बाढी एक्कासी आउनुको कारणबारे जलवायु विज्ञ, हिमाल तथा हिमनदी विशेषज्ञ र सम्बन्धित प्राविधिक निकायले अध्ययन थालेका छन् ।

प्रारम्भिक विवरणअनुसार नेपाल-चीन सीमा क्षेत्रनजिक तिब्बततर्फ भएको हिम-चट्टान पहिरो तथा त्यसपछि ल्हेन्दे खोलामा आएको ठूलो गेग्रानसहितको बाढी भोटेकोशीमा मिसिएको बताइएको छ । त्यसको प्रभाव रसुवागढी, टिमुरे, स्याफ्रुबेँसी हुँदै त्रिशूली नदीसम्म पुगेको थियो ।

# आलेख: प्रेम, सद्भाव र समर्पणको पर्व राखी



महोत्तरी । दाजुभाइ दिदीबहिनीबीचको प्रेम, सद्भाव र समर्पणको पर्व 'राखी' आज बिहानैदेखि महोत्तरीसहित् प्राचीन मिथिला क्षेत्रमा चहलपहल बढेको छ । मिथिलानी (मिथिलाका नारी) दाजुभाइलाई लगाउने कार्यमा बिहानैदेखि व्यस्त छन् । जताततै राखी गीत गुञ्जिरहेका छन् ।

*'आयल राखीक त्यौहार,*
*हमर लाओत् बहार ।*
*बधबै भाइके प्रेमक डोरा स,*
*होतै सुखक इजहार ।'*
*(राखी पर्व आयो, मेरा भाइले खुसी ल्याउने छन्, म भाइलाई प्रेमको धागोले बाँध्नेछु, अनि खुसियालीको माहोल बन्नेछ)*
*यसैगरी, कामविशेषले टाढा रहेका दाजुभाइलाई राखी सम्झाउँदै आउन नबिर्सन मिथिलानीको अपिल पनि गीतमा व्यक्त हुन्छ ।*
*'आयल साउनक सुदिन यौ भैया,*
*राखीमे जरुर अबै यौ*
*राखीक पावैन अलै यौ भैया,*
*कोनाक अहाँ बिसैर गेली यौ ।'*

(साउनको सबैभन्दा राम्रो दिन आउँदैछ दाजु । राखी पर्वमा अवश्य आउनुहोला । पर्व आइसक्यो, तपाईँले कसरी बिर्सिरहनु भएको छ) ।

राखी पर्वको मुख्य आकर्षण नै दाजुभाइ दिदीबहिनीबीच प्रगाढ प्रेम दर्शाउने भावका गीत हुन् । पर्व नजिकिएसँगै मिथिलानीले दाजुभाइलाई सम्झेका र त्यसको तयारीमा लागेका भावका गीत पनि बज्छन् । यस्ता गीत गुञ्जन थालेपछि राखी आउन लागेछ भन्ने जोसुकैले लख काट्छन् । गीतमा दिदीबहिनीको स्वरमा दाजुभाइको सौर्य बखान गरिएको हुन्छ । यी गीतले जोसुकैलाई दिदीबहिनीप्रति प्रेम र समर्पणको भाव जगाउने मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण कर्ण बताउनुहुन्छ ।

साउन पूर्णिमाका दिन दिदीबहिनीले दाजुभाइका हातमा बाँध्ने कलात्मक धागोको डोरा पर्वको मुख्य विधि हो । यसै डोरालाई मिथिलामा 'राखी' भनिन्छ । पर्वको मुख्यपक्ष नै राखी बाँधिनु हो । यसैले यो पर्वको नाउँ नै 'राखी' प्रचलनमा आएको मिथिला लोक परम्पराकी जानकार सञ्चारकर्मी खुश्वु झाको भनाइ छ । पर्व नजिकिँदै गर्दा मिथिला क्षेत्रका बस्तीबस्तीका हाटबजारमा रङ्गीबिरङ्गी राखी सजाएर बेच्न राखिएका हुन्छन् । मिथिलानीहरुको केही दिन पहिलेदेखि नै आफ्ना दाजुभाइका लागि कलात्मक राखी छानेर किन्ने गर्दछन् ।

पर्व नजिकिएसँगै मिथिलानी आफ्ना दाजुभाइको सोधखोज र खबर गर्न व्यस्त हुने गर्छन् । विवाहित मिथिलानी राखीका लागि दाजुभाइलाई घर आइदिन खबर गर्छन् । अविवाहित दिदीबहिनी आफ्ना दाजुभाइसँगै रहे पनि पर्वको निम्ता दिन भने चुक्दैनन् । "म त आफ्नै गाउँमा छु, जनकपुरमा रहेका भाइलाई राखी बाँध्न आउन फोनबाट निम्ता गरिसकेको छु, अहिले आउँदैछन्," महोत्तरी गाउँपालिका-६ गोरिगमाकी १९ वर्षीया कीर्ति महतो भन्नुहुन्छ । कीर्ति जस्तै अहिले सबै दिदीबहिनीहरु आफ्ना दाजुभाइलाई खबर गरिरहेका छन् । विवाह भएर गएका चेलीहरुले मोबाइल फोन र सञ्चारका अन्य साधनबाट आफ्ना दाजुभाइलाई राखी बाँध्न आउने निम्ता दिएका छन् ।

"म त माइत जान भ्याइनँ, त्यसैले भाइलाई राखीका दिन आफ्नै घरमा डाकेकी छु" बर्दिबास-१२ बिजलपुरा माइत भएकी भङ्गाहा-४ रामनगरकी बासिन्दा आजादी महतो भन्नुहुन्छ, "भाइले आउँदैछन्, उसलाई राम्रो राखी छानेर बजारबाट ल्याइसकेको छु ।" पर्वमा दाजुभाइलाई राखी बाँधेपछि मिष्ठान्न परिकार खुवाउने चलन छ ।

पर्वमा दिदीबहिनीबाट निम्ता पाएपछि दाजुभाइहरु पनि बिहानैदेखि नजिक भए हिँडेरै र टाढा भए आफ्नो सवारी वा भाडाका गाडीमा हिँडेको देखिन्छ । कतिपय त हिजै दिदीबहिनीको घरमा पुगिसकेका छन् । पर्वका दिन दिदीबहिनीको निम्ता मान्न पुग्न दाजुभाइ केही दिन पहिलेदेखि नै आआफ्नो कामबाट फुर्सद मिलाउने गर्दछन् । "बहिनीको पटकपटक फोनपछि मलाई पनि कतिखेर बहिनीको घर पुगौँ भन्ने लागेको थियो," भङ्गाहा-४ रामनगरका रामईश्वर ठाकुर भन्नुहुन्छ, "बहिनीका लागि नयाँ लुगा र दक्षिणा ठीक पारेको छु, पर्वको एक दिनअघि नै आइपुगेँ ।"

बर्दिबास-२ की सङ्गिता सहनी भन्नुहुन्छ, "पछिल्ला तीन/चार दिनदेखि दिनहुँ दाजुलाई राखीमा आउन भनेकी थिएँ" धनुषाको नगराइन माइती भएकी सहनी भन्नुहुन्छ, "दाजु आज बिहान आइ पुगेपछि निकै खुसी छु ।" सहनीकी छिमेकी देउरानी पर्मिलाले पनि अहिले राखी पर्वले गर्दा दाजुभाइसँग भेट्ने हुटहुटी भएको बताउनुभयो ।

मैथिल यस पर्वलाई प्रेम र समर्पण भावसँग दाँज्छन् । दाजुभाइ तथा दिदीबहिनीबीच प्रेम, समर्पण र आपसी प्रगाढ सम्बन्धको अन्तर्निहित भाव यस पर्वको रहेको संस्कृतिविद् जलेश्वर-७ बखरीका बासिन्दा ८६ वर्षीय पूर्वप्रशासक महेश्वर राय बताउनुहुन्छ । "राखी मिथिलाको विशिष्ट पर्व हो, यस पर्वले दाजुभाइ र दिदीबहिनीबीच कुनै असमझदारी बनेका रहेछन् भने पनि बिर्सन लगाउँछ," राय भन्नुहुन्छ, "सबै चाडपर्वका खास सन्देश हुन्छन्, राखीको सन्देश दाजुभाइ, दिदीबहिनीबीच सधैँ सुमधुर सम्बन्धका लागि छ ।"

दाजुभाइ दिदीबहिनीबीच कुनै कुराले दूरी बढेको रहेछ भने यो पर्व दुबैथरिको पर्खाइमा हुने रायको अनुभव छ । "अब राखी पर्व आयो, दिदीबहिनीले सम्झन्छन् नै भन्ने दाजुभाइ ठान्छन्, यसैगरी सानोतिनो असमझदारी यही पर्वमा टुङ्ग्याइने दिदीबहिनीले मन बनाएका हुन्छन्," राय भन्नुहुन्छ, "त्यसैले मिथिलामा यसलाई पारिवारिक सद्भावको मुख्य पर्व मानिएको छ ।"

यो पर्वमा फरक संस्कृति परम्परा र धार्मिक रिवाज भएका बीच पनि राखी बाँध्ने, बधाउने चलन बाक्लै छ । इस्लाम परम्पराका चेलीले हिन्दूलाई दाजुभाइ मानेर र हिन्दू चेलीले इस्लाम परम्परा मान्नेलाई राखी बाँध्न निम्ता नै दिएर बोलाउने क्रम बढ्दै गएको देखिन्छ । पछिल्ला दिनमा यो पर्वको समाजमा हुने देखासिकी र पर्वको रमाइलो तथा आत्मीय पक्षको आकर्षणले महोत्तरी जिल्लाका इस्लाम धर्मावलम्बी युवाले हिन्दू महिलालाई दिदीबहिनी बनाएर र इस्लाम धर्मावलम्बी चेलीले हिन्दू युवालाई दाजुभाइ बनाएर राखी बाँध्ने व्यापक प्रचलन बढ्दै गएको सीतापुर बजारका अलजिरी वस्त्रालयका सञ्चालक मोहम्मद सहबुल अन्सारी बताउनुहुन्छ ।

यसले सामाजिक तथा धार्मिक सद्भावसँगै दुःखसुखमा साथ उभिने संस्कृति निर्माणमा सघाउ पुर्‍याउने विश्वास गरिन्छ । "यो पर्वले समाजलाई जोड्छ, सबैसँग सम्बन्ध बनाउँछ" बर्दिबास-९ पशुपतिनगरस्थित राष्ट्रिय माध्यमिक विद्यालय पशुपतिनाथ बनरझुल्लाका प्रधानाध्यापक सूर्यनारायण दास भन्नुहुन्छ, "त्यसैले मिथिलाको यो खास पर्व बनेको छ ।"

पर्वमा दिदीबहिनीबाट राखी बाँधेपछि दाजुभाइले वस्त्र आभूषण र नगद दक्षिणा दिने गर्छन् । दिदीबहिनीलाई यसअघिका दुःखसुख भुलाउँदै 'म तिमीहरुसँगै छु' भन्ने भावले सन्तुष्ट पार्नु दाजुभाइले आफ्नो कर्तव्य ठान्छन् । मिथिलामा दाजुभाइ/दिदीबहिनीबीच आपसी प्रेम र समर्पणसँग जोडिएका अन्य पर्व पनि छन् । कात्तिक शुक्लपक्षको द्वितीया तिथिका दिन मनाइने भैयादूज र यसै पक्षको पञ्चमीदेखि पूर्णिमासम्म मनाइने सामाचकेवा पर्व दिदीबहिनीले दाजुभाइप्रति समर्पण भाव जनाउने मिथिलाका मुख्य पर्वमा पर्छन् ।

पर्व विशेषमा राखीको कारोवार गर्ने व्यापारीको पनि व्यस्तता निकै बढेको छ । अहिले व्यापारी ग्राहकको नजरमा पर्ने आकर्षक राखीले पसल सजाइरहेका छन् । ग्राहकले कस्ता राखी मन पराउने हुन् ? भन्ने व्यापारीको हुटहुटी छ । "अहिले थरिथरिका राखीको माग छ, हामीलाई ती समान जुटाउन भ्याइनभ्याइ छ" बर्दिबासको भोलावसन्त चोकका पर्व विशेषका सामग्रीको पसल चलाउनुभएका श्यामकुमार महतोले असिनपसिनबीच नै भन्नुभयो ।

अघि सत्ययुगमा तीनै लोक (स्वर्ग, मर्त्य र पाताल) को अधिपति दानवराज वलिलाई उनका बहिनी गङ्गा र यमुनाले युद्धमा जानुअघि विजयको कामना गर्दै हातमा रक्षाबन्धन बाँधिदिएको र युद्धमा वलिको जीत भएको सम्झनामा प्रत्येक वर्ष साउन शुक्ल पूर्णिमाका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको सौर्य वृद्धिको कामना गर्दै राखी बाँधी दिने परम्परा बसेको मिथिला क्षेत्रमा जनविश्वास छ ।

पर्व विशेषमा यसअघि केही मनोमालिन्य रहे पनि दिदीबहिनीले निम्ता गरेपछि दाजुभाइ राखी बाँध्न पुग्ने गर्नाले चेली र माइती पक्षबीच सम्बन्ध सुधारमा समेत पर्वको विशिष्ट भूमिका हुने गरेको जलेश्वर नगरपालिका-४ सुगाभवानीपट्टीका ८३ वर्षीय कृष्णचन्द्र झा बताउनुहुन्छ । पर्व विशेषमा दिदीबहिनी नहुने पुरुष र दाजुभाइ नहुने मिथिलानीले नजिकका नाता खोजेर राखी बाँध्ने, बँधाउने परम्पराले यो सांस्कृतिक पर्वको महत्व झनै उजेलिएको छ । पर्वमा दाजुभाइ भेट हुन नसक्ने टुङ्गो भएपछि आफ्ना दाजुभाइलाई खाममा राखी राखेर हुलाक वा कुनै चिनजानको व्यक्तिमार्फत पठाउने चलन पनि बाक्लै देखिन्छ ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन तपाईका लागि सामान्यता फलदायी रहनेछ । |
| वृष : | तपाईका लागि आजको दिन केही चुनौतीपूर्ण हुन सक्छ । |
| मिथुन : | समय अनुकूल र उत्साहजनक छ । |
| कर्कट : | प्रतिस्पर्धामा सफलता मिल्ने दिन छ । |
| सिंह : | सुरुमा केही दुविधा वा अलमल भए पनि विस्तारै स्थिति नियन्त्रणमा आउनेछ । |
| कन्या : | पारिवारिक वा घरायसी विषयमा केही तनाव हुन सक्छ । |
| तुला : | आफ्नै मिहिनेतले ठुला कामहरु सम्पादन गर्न सकिनेछ । |
| वृश्चिक : | धन लाभ हुनेछ र नयाँ लगानीको सोच बनाउन सक्नुहुनेछ । |
| धनु : | मनमा नयाँ विचार र उत्साह थपिनेछ । मान-सम्मान तथा प्रतिष्ठामा वृद्धि हुनेछ। |
| मकर : | आर्थिक लेनदेनमा ध्यान दिनुहोला । खर्चको मात्रा बढ्न सक्छ । |
| कुम्भ: | आयआर्जनका हिसाबले दिन धेरै नै उत्तम छ । |
| मीन: | पदोन्नति वा नयाँ जिम्मेवारी पाइने सम्भावना छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## जनैपूर्णिमामा मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो

मुस्ताङ। जनपूर्णिमाको अर्थात् रक्षाबन्धनको अवसरमा आज मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो लागेको छ। मुक्तिनाथ मन्दिरमा जनैपूर्णिमाको शुभदिन पारेर रक्षाबन्धन गर्ने, बत्ती बाल्ने र दर्शन गर्नेको उल्लेख्य उपस्थिति रहेको मुक्तिनाथ विकास समितिले जनाएको छ।

जनपूर्णिमाको दिन बर्खायामपछि पहिलोपटक दर्शनार्थीको बाक्लो उपस्थिति भएको समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो। जनैपूर्णिमा हिन्दू धर्मावलम्बीको बर्खायामपछि पहिलो पर्व भएकाले मुक्तिनाथको दर्शन तथा रक्षाबन्धन गर्न जिल्लास्थित कर्मचारी तथा स्थानीय नागरिकसहित विभिन्न जिल्लाका आगन्तुक यहाँ पुग्नुभएको उहाँले बताउनुभयो।


मुक्तिनाथ मन्दिरमा आएका दर्शनार्थीले मुक्तिनाथको दर्शन गर्नुका साथै मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीसँग रक्षाबन्धन गरी टीका र प्रसाद ग्रहण गरेका छन्। बौद्धमार्गीले पनि मुक्तिनाथको दर्शन गर्नुका साथै मन्दिर नजिकै रहेको ज्वालामाई गुम्बामा बत्ती बालेर धार्मिक आस्था प्रकट गरेका छन्।

समितिका व्यवस्थापक भुसालले आज मुस्ताङका साथै छिमेकी जिल्लाका धार्मिक पर्यटक तथा भारतीय दर्शनार्थीले मन्दिर परिसरको दर्शन गरेका बताउनुभयो। आज बिहान मन्दिर परिसर भक्तजनले भरिएको थियो।

मुस्ताङको घरपझोङ गाउँपालिका-३ स्याङ गाउँकी स्थानीय सीता थकालीले जनपूर्णिमाका दिन मुक्तिनाथको दर्शन गरी गुम्बामा बत्ती बाल्न यहाँ आइपुगेको बताउनुभयो। जनैपूर्णिमा शुभदिनमा आज ६० प्रतिशत स्थानीय र ४० प्रतिशत भारतीय तथा बेँसीबाट आएका दर्शनार्थीले मुक्तिनाथको दर्शन गरेका मुक्तिनाथ विकास समितिले जनाएको छ। रासस

### संस्मरण

# मृत्यु थिक यवनिका



● प्रेम विदेह

कत' गायब भ' गेलाह मैथिली आ नेपाली साहित्यक ओ सूर्य ? जिनकर उपस्थितिसँ मञ्च देदिप्यमान भ' जाइत छल। कत' बिला गेलाह ओ महापुरुष ? जे छलाह भाषा, संस्कृति आ दर्शनक प्रतिमूर्ति। कत' अन्तर्ध्यान भ' गेलाह ओ साहित्य-मनिषी ? जिनका सम्मानक पुष्प अर्पण कएल जाइत छलनि जनकपुरसँ काठमाण्डूधरि आ मेचीसँ महाकालीधरि। कत' निपत्ता भ' गेलाह ओ देशक सपूत ? जे गओने छलाह :

नइँ मधेशी, नइँ पहाडी, नइँ हिमाली लिखल जाए !

मरलापर पहिचान हमर नेपाली लिखल जाए !!

*(नेपाली पाँतिक मैथिली अनुवाद)*

*कोना मिझा गेलाह ओ जगमगाइत दीप ? जे लिखने छलाहः*

*'मानल जे झंझा झकोर बड़ा जोर अछि,*
*आशाकेर दीपक जरौने चलू मीत हे !'*

कत' गुम भ' गेलै ओ प्रखर ध्वनि ? जे बहुतो साहित्यकार, सांसद, मन्त्री, उपकुलपतियोपर भारी छलै। कत' छीपि गेलाह ओ मानवताक पुजारी ? जे प्रेम, अहिंसा आ सद्भावक प्रसाद बँटैत छलाह।

नजरि खिरा रहल छी दशो दिशामे, कतौ झलक देखि नहि रहल छी। गुरुवर राजेन्द्र विमल नहि रहलाह से विश्वासे नहि होइए। ई शहरो बुझाइए उदास। शहरक सङ्ग हमहूँ उदास, निराश आ अनाथ भेल बुझाइत छी जेना पिताक मृत्युपश्चात् महसूस भेल रहए। सर आब स्मृतिशेष रहि गेल छथि। स्मृतिक रील घूमि रहल अछि पाछामुँहें।

हम रा.रा.ब. कौलेजमे आइ.ए. मे पढ़ैत रही। एकटा सङ्गी कहलनि, "विमल सर नेपाली पढबैत छथि फिल्मी स्टाइलमे–हिरो-हिरोइनक उदाहरण द' क'। बड़ मजा अबैत छै।' तखने हमरो उत्सुकता जागल हुनक पढ़ौनी देखबाक लेल। हमर सेक्सनमे हुनक घण्टी नहि रहनि। तएँ, दोसर सेक्सनमे गेलौं साहस कए। हुनक दर्शन भेल। नमगर आ सन्तुलित शरीर। कोट, पैन्ट, जुत्ता आ शिरपर नेपाली टोपी। भव्य मुखमण्डल। हुनक छविए देखि मोहित भ' गेलौं। पढ़ौनाइ ठीके मजगर लागल। हमर मनमे एकटा प्रश्न अहुरिया कटैत छल। पाठक समाप्तीबाद सरसँ प्रश्न पुछबाक साहस जुटएलौं, "सर, एकटा नेपाली व्याकरणमे लिखल छै – पत्र सेहो निबन्धक एक प्रकार अछि। से हमरा चित्त नहि बूझि रहल अछि।" "हँ, ओ गलत लिखल छै। पत्र त एक-दोसराक मनक संवाद अछि ; भावक सम्प्रेषण अछि। निबन्ध नहि।' सुनलापर मनक ओझरी सोझरा गेल। ओही दिन हम हुनकर 'फैन' भ' गेलौं। हुनक स्वभाव एतेक सरल आ विनम्र छलनि जे विद्यार्थीयोके प्रणामक जवाब दुनू हाथ जोड़िक' दैत छलथिन। हुनकर सरलता, मधुरता आ अध्यापनकला हुनकादिस घीचि लेलक हमरा। तएँ, दिमागी ताजगीक लेल हुनक कक्षामे चलि जाइत छलौं कहियोकाल।

ओहि दिन सरसँ प्रश्नोत्तर नेपालीमे भेल छल। हुनकर नेपाली टोपी देखि हम पहाड़ी बूझैत छलिऐनि। बादमे मालूम भेल जे ओ मैथिलिएभाषी छथि आ स्थानीय छथि– देवीचौकपर घर छनि। तखन हम नजदीक होबए चाहलौं।

नेपाली आ हिन्दी विषयक अध्ययनसँ हमरो मनमे भाव उत्पन्न भेल जे हमहूँ किछु लिखी। से, आइ.ए. पहिल वर्षक परीक्षा द' क' गाम गेलौं त लिखलौं एकटा नाटक नेपाली भाषामे– २०४३ मे। जनकपुर अएलापर सरके देखौलिऐनि – त्रुटि जाँचक लेल। ओ त्रुटि नहि बतौलनि जखनकि ओहिमे भरमार त्रुटि रहै। ओहिमे नाटकीय मूल्य रहबे नहि करै। ओ एतबे कहलनि, "अपन मातृभाषामे लिखू–मैथिलीमे।" तकर बाद अपन भाषामे लिखबाक मानसिकता बनएलौं। किछु मैथिली कथाक अध्ययन कएलौं। दोसर वर्षक परीक्षा द' क' गाम गेलौं त एगारहटा कथा लिखलौं। शुद्धिकरणक लेल देलिऐनि। फेर काँपी आपस आनए गेलौं हुनक घरपर। जाढ़ मासक ठाढ़ आ धोन्हि रहै। सर वैठक कक्षमे अएलाह। गोर लगलिऐनि। कथाबला काँपी देलनि। एक-दूटा कथामे शुद्धाशुद्धि देखने रहथिन। भरिसक कथासभ अकथा छलै तएँ विशेष टिप्पणी नहि क' सुझाओ देलनि, "आर अध्ययन करू–मैथिली आ हिन्दी कथासभ।" सङ्गहि एकटा चिट्ठी लिखि देलनि पत्रकार आ साहित्यकार रामभरोस कापड़ि "भ्रमर" क नामे। ओहिमे लिखल रहै : ई हमर छात्र उदयीमान रचनाकार छथि। हिनका अपन सम्पर्क-सूत्रमे बान्हि लिऔन्हि।

२०४५ सालमे हमर 'दलकी' कथा 'गामघर' साप्ताहिकमे छपल आ पहिल कृति 'आधुनिक जोगीरा' २०४८ फागुनमे जानकी पुस्तक भण्डार छपलक। से देखि सर बड्ड खुश भेल रहथि। हम मैथिलीमे रचना करबाक अभ्यास करैत रहलौं आ सरसँ सुझाओ लैत रहलौं। साहित्यक सङ्गसङ्ग आनो विषयपर गपसप होइत रहल। हुनक समीप गेलापर कतबो भारी माथ हल्लुक भ' जाइत छल।

२०४६ क जनआन्दोलनमे हम प्रजातन्त्रक पक्षमे रही। विद्यार्थी युनियनक मौन जुलूसमे सहभागी भेल रही। उग्र जुलूसमे सहभागिताक हिम्मत नहि भेल छल। तएँ, मनमे कुण्ठा छलस द्वन्द्व छल। एक मन कहैत छल – प्रजातन्त्रवादी छी त आन्दोलनमे जएबाक चाही, लड़बाक चाही, मरबाक चाही। दोसर मन पाछा हटि जाइत छल। ऊहापोहसँ दिमाग असन्तुलित भ' गेल छल। तखन सरलग पहुँचलौं। ओ उपयुक्त समाधान देलनि, "जकर जेहने क्षमता छै तेहने सहयोग करतै ने। केओ तनसँ करतै, केओ धनसँ करतै, केओ नैतिक समर्थन करतै। केओ कविता-गीत लीखिक' जनताके जगएतै। हमरा बन्दूक चलाब' नइँ अवैए त किए चलाब' जाएब ? प्रजातन्त्र माने जबर्दस्ती थोड़बे होइत छै ! स्वेच्छा आ क्षमताअनुसार काज करी।" तखन चयनक साँस फेरलौं।

एकटा आर प्रसङ्ग मन पड़ल। मिथिला



नाट्यकला परिषद्क मासिक कविगोष्ठी चलैत रहै-२०४७ मे। प्रत्येक मास अलग स्थान आ चौकपर आयोजन होइत छलै। प्रायः सभ गोष्ठीमे काव्यपाठ करैत छलौं। एम्हर लोकलयपर आधारित रचना सेहो करए लागल छलौं। एकटा गोष्ठी रहै रामानन्द आश्रममे – पूस मासमे जाहिमे विमल सरद्वारा रचित 'कहियाधरि' दीर्घ कविताक महराइ-रूपान्तर प्रस्तुत कएने रही। से सूनि सर भावविह्वल भ' गेलाह। अपनालग बजा, गाल छूबिक' कहलनि, "बौआ, हमर रचनासँ तोहर रूपान्तरे नीक छौ।" ई हुनक महानता छल।

एक बेर सर एकटा गोष्ठीमे उपदेश देने रहथिन– "केओ हिसाब राखए, नइँ राखए, अपन काज करैत चली। इतिहासमे सभ दर्ज होइत जाइत छै।" ई बात अपन गजलक पाँतियोमे कहने छथि :

*स्वेद, रक्त, अश्रु जे बहैछ लक्ष्यमार्गमे,*
*काल-मसिपात्रमे जमा रहैछ ठोप-ठोप।*

'काजक लेल केओ धन्यवाद दए, नइँ दए, अपनाके अपने धन्यवाद दी।' कहैत अपने हाथे अपन पीठ ठोकि लेलनि, "धन्यवाद विमल !"

किछु नहि बिसराएल छी। हमर लिखल मैथिली गीतक कैसेटक विमोचन २०६१ मे आ जीवनक पहिल सम्मान 'श्यामकला मल्लिक साहित्य पुरस्कार' २०७२ मे कुरता, पैजामा, बण्डीमे सजल विमल गुरूवरक कर-कमलसँ प्राप्त भेल त मन गदगद भ' गेल रहए। हमर पहलमे स्थापित 'मैथिली साहित्यकार सभा' के हुनकर प्रोत्साहन, निर्देशन, आशीर्वाद भेटलै तएँ संस्था आगा बढ़लै। ओ एहि संस्थाके 'मैथिली साहित्यकारलोकनिक संसद' कहने छलाह।

गुरूवरक चिन्तन आ सृजन कल्याणकारी छलनि। सभसँ पहिने हुनकर 'धधकैत भविष्य' कथा पढ़बाक अवसर भेटल छल। भोंटक राजनीतिमे नेतासभक उत्पात आ मतदाता (जनता) सभक उत्पीड़नक सजीव चित्रण छै ओहिमे। हृदयके झकझोरि देने छल। हुनकर जे जे रचना पढ़लौं, सभमे अपन माटि-पानि, कला, संस्कृति, दर्शन, सौन्दर्य, भावक अथाह गहिंराइ आ जीवनक सच्चाइ भेटल।

तीन वर्ष पहिने एकटा अपन रचल गीत सुनिल मलिक, ललित कामत आ संगीता देवक स्वरमे प्रकाशित भेलः

*अजगुत अपन प्रदेश भेलै हओ*
*मिथिलाके माटी मधेश भेलै हओ*

*से सूनि सर प्रशंसाक पूल बान्हि देलनि; हृदय खोलिक' बधाइ देलनि।*

मैथिलीमे स्वरचित 'धधरा' (कविता संग्रह) आ सम्पादित 'मधुश्रावणी पूजा' (व्रतकथा) तथा 'काव्य वाटिका' (कविता संग्रह) क भूमिकामे हमरा बारे बढ़ाचढ़ाक लीखि देने छथि। किएक ? किएक त विमल गुरूक हृदय विमल आ विशाल छलनि। ओ हमर आ सभक कल्याण चाहथि। शिष्यसभ उत्साहित रहए, रचना करैत रहए, प्रकाशित करैत रहए, से हुनक मनोरथ रहनि।

बहुत पहिने गुरु-शिष्यक सम्बन्ध पारिवारिक सम्बन्धमे (पिता-पुत्रजका) बदलि गेल छल। तएँ, सर अपन खुशी आ पीड़ा दुनू सुनबैत छलाह। 'कतौ बजिहा नइँ' कहैत अपन गोपनीय बात सेहो कहि दैत छलाह।

चारिए दिन पहिने गुरुजीसँ साहित्यिक अन्तरवार्ता लेने छलौं। हुनकर स्मरणशक्तिक लोहा मानए पड़त। ओ पाँचे कक्षामे जे पहिल कविता लिखने रहथि से ८० वर्षक उमीरमे यादे ! 'रचना केहन होएबाक चाही ?'- जिज्ञासापर ओ कहलनि, "रचना तीन प्रकारक होइछ – निर्माण, उत्पाद आ सृजन। जोड़ती जोड़िक' लिखब निर्माण, बजारक हिसाबसँ लिखब उत्पाद आ अनुभूतिसँ मौलिक लिखब सृजन अछि।"

मालूम नहि छल जे सर चारिए दिन बाद पञ्चतत्वमे विलीन भ' जएताह। मृत्यु अनिश्चित अछिस क्षणभङ्गुर अछि। तएँ, उचित काज कइए लेबाक चाही। मुदा, सर अपन गजलमे कहने छथि :

*जीवनकेर नाटकमे मृत्यु थिक यवनिका,*
*यवनिकाकेर अर्थ नहि नाटककेर अन्त थिक।*

माने जीवन एकटा नाटक अछि आ मृत्यु एकटा परदा। एकटा परदा खसलासँ जीवनरुपी नाटकक अन्त नहि होइछ। उपर्युक्त पाँति पूर्वीय दर्शनपर आधारित अछिस जीवनक निरन्तरताक संकेत अछि।

गुरुवरक कृति, प्रवचन आ भेंटघाँटक अनेको प्रसङ्ग अछि, सभक वर्णन असम्भव अछि। मुदा, एकटा प्रसङ्ग कहीटा पड़त। ओहि दिन अन्तरवार्ताक क्रममे ओ महान हिन्दी साहित्यकार प्रेमचन्दक देहान्तपर दुख प्रकट कएने छलाह, "समाज आ सरकार कतेक कठोर छलै जे हुनकर दाहसंस्कारमे मात्र एगारहगोटा सहभागी भेल रहै !" मुदा, सरक साहित्यिक योगदानक कदर भेलनि। हुनक शवयात्रामे सांसद, मन्त्री, शिक्षक, प्राध्यापक, साहित्यकार, कलाकार, पत्रकारसहित भारी संख्यामे आम नागरिक सहभागी भेलनि। दाहसंस्कारमे राष्ट्रिय सम्मान भेटलनिस बाजा बजाक आ बन्दूक पटकिक' सलामी देल गेलनि। हमहूँ गुरुक चितापर एकटा लकड़ी धएलौं, तीन बेर परिक्रमा कएलौं आ अन्तिम प्रणाम कए घर घूरि गेलौं-हृदयमे चित्कार लेने, यादक संसार लेने !

# राष्ट्रिय विपत्तिले खल्लो भयो जनैपूर्णिमा

काठमाण्डु। शुक्रबार देशभर नयाँ जनै (यज्ञोपवीत) एवं रक्षाबन्धन धारण गरेर जनैपूर्णिमा पर्व मनाइयो।



वैदिक परम्पराअनुसार जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा पनि सम्मान गर्ने गरिन्छ। आज पूर्णिमाका दिन रक्षाबन्धन बाँध्न र नयाँ जनै फेर्न बिहानैदेखि काठमाडौँमा पशुपतिनाथदेखि अन्य मठमन्दिर परिसर, पवित्र नदी किनार र देशभरका देवालयहरूमा भक्तजनको भीड लाग्ने गर्छ।

आजका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले स्नान गरेर गुरु पुरोहितबाट रक्षा सूत्र बाँध्ने प्रचलन छ। तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास रही आएको छ।

आजकै दिन ११ थरिका गेडागुडी मिसाइ भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाने प्रचलन पनि छ। क्वाँटीको पनि धार्मिक तथा आयुर्वेद शास्त्रीय मान्यता छ।

तर, जनैपूर्णिमा र क्वाँटी खाने आजको पर्वमा कतै उल्लास भने छाएन। बरु यतिखेर दुई दिनअघि रसुवा जिल्लाको भोटेकोशीमा अकस्मात आएको बाढीले पुर्याएको क्षतिका कारण देशैभरि शोक छाएको छ।

यसकारण अघिल्ला वर्षहरूमा जस्तो यो वर्षको जनैपूर्णिमा पर्वमा कुनै रौनक देखिएको छैन। पर्व मनाउन आफन्तकहाँ जानेहरूलाई पनि बाढीले बाटो बिगारिदिएका कारण आवतजावतमा कठिनाइ भएको छ। कीर्तिपुर बस्ने शोभित अर्याल सधैँ जस्तै यसवर्ष जनैपूर्णिमा पर्वमा आफ्नो घर चितवन जान पाउनुभएन। बुबाआमा भेट्न र पर्व मनाउन सधैँ चितवन जाने वर्षौंदेखिको निरन्तरता यसबर्ष रोकिएको जानकारी दिँदै उहाँ भन्नुहुन्छ, "पहिलो कुरा त बाढीले पारेको बिचल्ली देखेर मन बेचैन भयो र जान मन लागेन। अर्को कुरा पृथ्वी राजमार्ग बिग्रिएका कारण पनि जान सकिएन।"

यस वर्ष शुक्रबार पूर्णिमाका दिन शुक्रबार परेकाले त्यसपछिको लगातार तीन दिन बिदा मनाएर सोमबार मात्र कार्यालय जाने योजनामा रहेका धेरै कर्मचारी तथा अन्य नागरिक घरबाट निस्कनै पाएनन्।

बुधबार बिहान ८:४५ तिर चीनतर्फबाट लेन्दे खोलामा आएको बाढी रसुवागढी हुँदै नेपाल छिरेपछि त्यसले ल्याएको विपत्तिले देश शोकमग्न बनायो। उक्त विपत्तिपछि आज अपराह्नसम्म ५०० भन्दा बढी नागरिकको ज्यान गइसकेको छ भने अरु सयौं जना सम्पर्कविहीन छन्।

सो बाढीले रसुवाका रसुवागढी, स्याँफ्रुबेसी, टिमुरे हुँदै यता नुवाकोट जिल्लाका त्रिसूली, बेत्रावती, देवीघाट आदि स्थानमा रहेका बस्तीमा ठूलो क्षति पुर्याएको छ। यसबाट धेरै परिवार घरबारविहीन भए भने कैयौँ घाइते भएका छन्।

जनैपूर्णिको यो तिथि वैदिक सनातन धर्मावलम्बीहरू रसुवाको गोसाइँकुण्ड नुहाउन जाने समय पनि हो। यो याममा त्यहाँ लगभग देशैभरिका जिल्लाका नागरिक पुग्ने गर्दछन्। यही समय पारेर स्थानीय सङ्घसंस्था एवं तीर्थस्थलसँग सरोकार रहेकाहरूले गोसाइँकुण्डमा मेलाको पनि आयोजना गर्ने गर्दछन्।

यसकारण पनि त्यहाँ धेरैजना तीर्थयात्री एवं मेला भर्न जाने नागरिकहरू परेको अनुमान गरिएको छ। हिजोदेखि नै गोसाइँकुण्ड नुहाउन पुगेका नागरिकहरू हराएका सूचनाहरू आउन थालेका छन्। यसले पनि आजको पर्व देशैभरि खल्लो बनाएको छ।

उता, अर्को तीर्थस्थल मानसरोवर जाने याम पनि यही रहेको र पछिल्लो समय रसुवागढी हुँदै त्यसतर्फ जाने तीर्थयात्रीहरूको सङ्ख्या बढ्दै गएकाले उनीहरू पनि बाढीको चपेटामा परेका अनुमान गरिएको छ।

यसरी गएका यात्रुहरू के कति मात्रामा थिए भन्ने कुराको जानकारी नभएको र समाचारमा आएअनुसार रसुवागढी क्षेत्रमा तथ्याङ्क राख्ने कार्यालय नै बाढीले बगाइ दिएकाले हराएका व्यक्तिको सङ्ख्या यकिन हुन सकेको छैन।

उक्त बाढीले अहिलेसम्म के कति भौतिक सम्पत्तिको क्षति पुर्यायो भन्ने तथ्याङ्क आइसकेको छैन। त्यस्तै मानवीय क्षतिको पनि अझै यकिन हुन सकेको छैन।

उद्धारको काम जारी रहेकाले कतिपय अप्ठ्यारो अवस्थामा रहेका व्यक्तिलाई सुरक्षाकर्मी र स्थानीयले उद्धार गरेर सुरक्षित स्थानतर्फ लगिरहेका छन् भने अझै कतिजना हिलोमा पुरिएका तथा बगाएर अन्यत्र पुर्याएको अवस्थामा छन् भन्ने नै स्पष्ट छैन।

नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले प्रभावित जिल्लाहरू रसुवा, नुवाकोट, धादिङ र उता भोटेकोशीको बाढी नारायणीसम्म पुगेकाले चितवन जिल्लामा गरी नेपाली सेना तदारुकताका साथ उद्धारको काममा खटिरहेको जानकारी दिनुभयो।

उहाँ भन्नुहुन्छ, "नेपाली सेनाले सबैसँगको समन्वयमा बाढीका कारण विभिन्न स्थानमा फसेका व्यक्ति एवं घाइतेको खोज तथा उद्धार, आपतकालीन उपचार राहत सामग्री वितरणको काम गरिरहेको छ। नेपाली सेना बिहानैदेखि रातिसम्म नै उद्धार र राहतका लागि फिल्डमै खटिरहेको छ।"

नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेले प्रहरीले जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा लगेर राख्ने, विभिन्न निकाय र स्थानीयको समन्वय र सहयोगमा आवश्यक उद्धार एवं खोजी गर्नुका साथै अवरोध रहेका मार्गहरू खुलाउने काम तदारुकताका साथ गरिरहेको जानकारी दिनुभयो।

भोटेकोशीबाट सुरु भएर त्रिसूली हुँदै नारायणी नदीसम्म पुगेको बाढी र त्यसले सिर्जना गरेको क्षतिलाई केवल नदी किनारको बस्ती र त्यहाँका केही परिवारको दुःखका रूपमा मात्र हेरिनु हुँदैन। विपत्ति कुनै निश्चित भूगोल या क्षेत्रलाई मात्र लक्ष्य गरेर आउँदैन।

त्यसैले यसलाई कुनै क्षेत्रको दुःखका रूपमा मात्र नहेरेर कुनै निश्चित ठाउँमा मात्र देखिएको विपद्ले देशको आर्थिक सामाजिक अवयवहरूलाई नै नराम्ररी प्रभावित पार्दछ भन्ने सोचका साथ दिगो योजना बनाएर काम गर्नुपर्दछ।

यस कारण विपद्को यो समयमा दुःखमा परेका नागरिकलाई सहयोग र अहोरात्र घटनास्थलमा उद्धार र खोजी कार्यमा खटिएका सुरक्षाकर्मीलाई साथ दिएर सबै नेपाली नागरिक ऐक्यबद्धताका साथ लाग्नुपर्दछ।रासस

## ट्रैक्टर दुर्घटनामा ३४ जना घाइते, २० जनालाई थप उपचारका लागि काठमाडौँ पठाइयो

खोटाङ। धार्मिक मेला भेरर घर फर्कँदै गरेको अवस्थामा खोटाङमा ट्र्याक्टर दुर्घटना हुँदा ३४ जना भक्तजन घाइते भएका छन्। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ नेर्पास्थित भुलभुले दूधकुण्डमा लागेको धार्मिक मेला भेरर घर फर्कँदै गरेका भक्तजन चढेको ना५त ४५५५ नम्बरको ट्र्याक्टर सोही नगरपालिकाको वडा नं २ सोल्मास्थित छेपेखोलामा दुर्घटना भएको हो।

गुडिरहेको ट्र्याक्टरको पछाडिको भाग बीच सडकमा घोप्टिएर भएको दुर्घटनामा पाँच जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी निराजन बस्नेतले जानकारी दिनुभयो। "दुर्घटनाका सबै घाइतेलाई उद्धार गरेर जिल्ला अस्पताल दिक्तेल ल्याएका छौँ। अहिलेसम्म कसैको पनि पहिचान खुलेको छैन", उहाँले भन्नुभयो, "पाँच जनाको अवस्था गम्भीर छ। जिल्लामा उपचार सम्भव नभएपछि अस्पतालले २० जनालाई थप उपचारका लागि काठमाडौँ 'रेफर' गरिसकेको छ। घाइते १४ जनाको यही उपचार भइरहेको छ।"

अस्पतालले रेफर गरेका घाइतेलाई एम्बुलेन्स तथा सुमो जिप रिजर्भ गरेर उपचारमा पठाइएको दिक्तेल रुपाकोट मझुवागढीका उपप्रमुख विशन राईले जानकारी दिनुभयो। "दिउँसोदेखि जिल्लामा भीषण वर्षा भइरहेको छ। निरन्तरको वर्षाले उद्धारमा समेत समस्या भयो", उहाँलेभन्नुभयो, "निरन्तरको वर्षाका बाबजुद नगरपालिकाको एम्बुलेन्स तथा सुमो रिजर्भ गरेर घाइतेलाई थप उपचारका लागि काठमाडौँ पठाइएको छ।"

घाइतेको टाउको, हातखुट्टा तथा शरीरका विभिन्न भागमा गहिरो चोट लागेको उपचारमा संलग्न स्वास्थ्यकर्मीले बताएका छन्। भक्तजन चढेको ट्र्याक्टर दुर्घटना दिउँसो २:०० बजेको समयमा भएको प्रत्यक्षदर्शीले बताएका छन्।

ट्र्याक्टर दुर्घटनालगत्तै चालक ओखलढुङ्गाको सिद्धिचरण नगरपालिका-७ का २३ वर्षीय रिनिमा शेर्पालाई प्रहरीले नियन्त्रणमा लिएको छ। रासस


**श्री जनता माध्यमिक विद्यालय, बनौटा**

**बलवा न.पा. वार्ड नं.-७, जि. महोत्तरी, मधेश प्रदेश नेपाल**

**खुल्ला विज्ञापन सम्बन्धी सूचना**

यस विद्यालयका शिक्षक छनौट समितिको मिति २०८३/०५/०९ गतेको निर्णयअनुसार यस विद्यालयमा मा.वि.(+२) तर्फ र प्रा.वि.राहत तर्फ शिक्षक पदमा करारमा नियुक्ति गर्नको लागि नियमानुसार खुल्ला प्रतियोगिता बाट छनौट गरिने हुदा दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ।

**विज्ञापन प्रकाशन मितिः** २०८३/०५/०९ गते देखि फाराम भर्ने **अन्तिम मितिः** २०८३/०६/०८ गते सम्म।

तपसिल

| सि.न | विज्ञापन न. | पद | पद संख्या | तह श्रेणी | परीक्षाको किसिम | विषय | नियुक्तिको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८३/०८४ | उ.मा.वि. शिक्षक | १ (एक) | मा.वि. द्वितीय | लिखित र अन्तरवार्ता | लेखा | करार |
| २ | ०२/२०८३/०८४ | प्रा.वि. राहत | १ (एक) | - | लिखित र अन्तरवार्ता | - | करार |

**विज्ञापन न. ०१/२०८३/०८४ र विज्ञापन न. ०२/२०८३/०८४ का लागि आवश्यक शर्तहरू :-**

**क) शैक्षिक योग्यता :-** उ.मा.वि. शिक्षकका लागि मान्यता प्राप्त शिक्षण संस्था बाट स्नातकोत्तर MBA वा MBS द्वितीय श्रेणीमा र प्रा.वि. राहतका लागि शिक्षा विषयमा कम्तिमा + २ उतिर्ण गरेको हुनु पर्ने छ।

**ख) उमेरः-** १८ बर्ष पुरा भइ ४० बर्ष ननाघेको।

**ग) नागरिकता :-** नेपाली हुनु पर्ने।

**घ) परीक्षा दस्तुरः-** उ.मा.वि. का लागि रु. २१००/- ( दुई हजार एक सय मात्र) र प्रा.वि.राहतका लागि रु. १५००/- (एक हजार पाँच सय मात्र।

ङ) शिक्षक अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने।

**दरखास्त फारामका साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरू :-**

१) विद्यालयले तोकेको दरखास्त फाराम :- १ थान
२) पासपोर्ट साइजको फोटो :- २ प्रति
३) एस.एल.सि. / एस. ई.ई. देखि माथिल्लो योग्यताको सम्पूर्ण प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि।
४) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
५) शिक्षक अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।
६) परीक्षा दस्तुर तिरेको बैंक भाउचर रसिद वा नगदी रसिद।

**सम्पर्क मिति :-** २०८३/०६/१० ( **मोबाइल नम्बर** ९८४५०५४३३३, ९८१९८९९१०९ )

प्र. अ

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। रक्षा बन्धन ।।

मिलाप के आश रखैछै सबहक भाइ बहिनी
जौ अवैछथ राखी बन्धन पुर्णिमा
अन्नतकाल के द्रौपदि के प्रेम कृष्णजि सँग
सौ भाइबहन आँचरा चिरके कृष्णजि के
खुन लतपत आँगुल बाँन्है छै
सोहे प्रेम उज्जवल रिस्ता भाइ बहनके
कृष्ण लेने छै रछ्या सुत्र द्रौपदिके रच्छ्या के के
बहिनदिदि भेल पराइ जहिया गेलौ सासुर
भाइभैया भगेल सखि जहिया भगेल घरवाली
मायबाप साथै सोचमे परल कि दुजाभेल
धियापुताके शादि होएते
अटुट प्रेम क बन्धन राखि स्वरुप कलाइ जगमगाइछै सब
भाइभैया के ब्यवहार मे उतारै छै केहु त्योहार मनाबै छै
यि रछ्याशुत्र बन्धन मोबाइल वाइफाइके जमाना छै
राखि के सभहक दिवाना छै बहिनोके सिमाना छै नैहर पहुंचके बहाना छै
केहो बहिनी भाइ ल पहुचत केहो भाइ बहिनी ल पहुंचत बन्धन
कच्चे धागेके लेकिन मजबुत रिस्ता बिस्वास आ सदभावके
भाइबहन के प्यार रछ्या बन्धन त्यौहार



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। रक्षा बन्धन (२०८३) ।।

यो रक्षाबन्धनमा खाली कसैको हात नहोस
कुनै दिदीको आँखामा आँशुको बर्षात नहो्स...
ससुरा गएकीन बहिनी रक्षाबन्धन मा घर आए
बहिनीको सम्झनामा दाजुको मन निरास नहोस...
रक्षाबन्धन को दिनमा पनि दाई मरेको खबर छापिए
जिवनको यहि रित हो हेरेर कोहि हतास नहोस...
खाडी बाट आएको लाश हेरेर बहिनी स्तब्ध भए
कुनै बहिनी दाजुभाई नहुँदा अब अनाथ नहोस...
बहिनी बिहेको ऋण चुकाउन खाडी गएको भाई मुत्यु हुदा
बहिनीको खुशी एकपल मै शम्शान नहोस...
देशमै रोजगारीको अवसर मिलाई देऊ सरकार
कसैको हृदयमा अब बेदनाको आघात नहोस...



**बलराम गुप्ता**
**वडा सदस्य**
**जनकपुरधाम उप-महानगरपालिका ११**

## । ।मेरो देश रोइरहेछ ।।

मेरो देशको हालत हेर्दा,
आज मन धेरै रोइरहेछ,
आँखा अगाडि आफ्नै मान्छेहरू दुख्दा,
यो मुटु भित्रभित्रै चिरिइरहेछ।
कसैको घर बाढीले बगायो,
कसैको सपना बाढीले लग्यो,
कसैको आँखाको आँसु रोकिएन,
कसैको संसार एकैछिनमा उजाडियो।
म टाढाबाट हेरेर बस्न सक्दिनँ,
तर सबैको पीडा मेटाउन पनि सक्दिनँ,
मनमा धेरै कुरा छन् देशका लागि,
तर हातमा सामर्थ्य थोरै छ–
त्यही कुराले झन् पोलिरहेछ।
म ठूलो मान्छे होइन,
ठूलो सहयोग गर्न सक्ने हैसियत पनि छैन,
तर यो देश मेरो हो,
यहाँ रोएको आँसु
मेरो पनि आँसु हो।
त्यसैले आफ्नो तर्फबाट
सानै सही, एउटा हात बढाएँ,
सायद मेरो सहयोगले
कसैको पीडामा एकछिन भए पनि
आशाको दियो बालिदियोस्।
आज मेरो मन धेरै भारी छ,
देश हाँस्न नसक्दा म कसरी हाँसूँ?
मेरो देशका आमाबुबा रोइरहँदा,
म कसरी खुसी मनाऊँ?
हे भगवान्,
मेरो देशलाई यति धेरै पीडा नदेऊ,
बाढीले बगाएको घर फेरि बनोस्,
टुटेको मन फेरि जोडियोस्,
र एक दिन मेरो नेपाल
फेरि खुलेर मुस्कुराओस्।
मेरो सहयोग सानो होला,
तर मेरो देशप्रतिको माया
कहिल्यै सानो हुनेछैन।



**लेखक: दिलीप कुमार दास**
**ठेगाना: धनुषाधाम -०४ लक्ष्मीपुर**

## ।। भोटेकोसी नदी उर्लियो ।।

गाउँ सुनसान थियो
सबै जना आफ्नो कर्म क्षेत्रमा थिए
अचानक भोटेकोसी नदी बौलाहा भयो
घर जमिन स्कुल गाडी मानव बस्ती सगै लिएर गयौ ।
भोटेकोसी नदी उर्लियो
तिमी हरुले मलाई बाध बाध्छौं ।
मेरो हिडने बाटो रोक्ने
नरोक मलाई
म बिस्कोट हुनेछु ।
नछेक मलाई
म ज्यालामुखी बन्नेछु
मेरो शितल छहारी,
मेरो ओत हरु तिमिहरुले
तिमीहरू ले बिनाश गरेको छौं ।
भोटेकोसी नदी उर्लियो
जब म विस्कोट हुनेछु ।
जब मेरो गति तीब्र हुनेछ ।
अनि मलाई तिमीहरूले औंला उठाउछौ।
मेरो अस्तित्वमा .......?
नरोक मलाई
नछेक मलाई
हेलो म सुनकोसी हो
भोटेकोसी हो
मेरो किनारमा आएर तिमिहरु
मानब-बस्ती हरु बनाउछौ।
मलाई धुलो-धुवाँले प्रदुषण पार्छ ।
म आफ्नो गतिमा दौडिरहेको छु।
मलाई रोकेर तिमीहरू
ठुला- ठुला कम्पनी हरु चलाउछौ।
भित्र - भित्र मलाई जलाउछौ।
अनि दोष हरु मलाई दिन्छौ।
तिमिहरु मानवजाती ,
प्रकृति पुजारी मान्छे
तर आजभोलि तिमीहरू बिनाश गर्दैछौं ।
नरोक मलाई
नछेक मलाई
हेलो सुनकोसी हो
म त्रिशूली हो
होशियार ..!
हे मानवजाती हरु ,
मेरो छेउमा मित्रता गास्नु नआउनु ,
म कोही बेला आधी- हुरी बनेर आउछु।
होशियार ...!
म भोटेकोसी हो ।।



**प्रेम शर्मा 'एकान्त प्रेमी'**
**कालेबुङ**

## ।। मौनताको परिधि ।।

हे मेरी प्रियतमा, तिमी किन नबोलेको?
तिम्रो शान्तिको मौनताले मेरो हृदयलाई तोडेको छ।
मैले थाह पाइन, "मेरो भूल के हो?"
तिमी मेरो मार्गदर्शन बनेर आऊ, हे मेरी प्रियतमा।
तिमी तीर्सी जस्तै सुन्दरी छ्यौ,
तिम्रो ति ओठले महका चाकबाट मिठास चुहाउँछ।
तिम्रो शरीर फूल जस्तो कोमल छ,
तिमी प्रभात कैँ उदय भएकी, चन्द्रमा कैँ सुन्दरी, हे मेरी प्रियतमा।
तिमी छोपिएको मुहान जस्तै छ्यौ,
तिम्रो हारको रत्नले तिमी मेरो हृदय चोरेकी छ्यौ।
तिम्रो त्यो मिठो आवाजले मलाई मोहित तुल्याएको छ,
मेरो जीवन तिमीमा सुरु भई, तिमी मा नै अन्त्य भएको छ।
मेरो प्राणले तिमीलाई खोज्दै छ, हे मेरी प्रियतमा,
तिमी एक पल्ट बोल्न
तिमिलै दिएको हरेक दण्ड सहनेछु।
तिमिलाई आफ्नै जीवन संगिनी ठानेको छु, हे मेरी प्रियतमा।
तिम्रो अगाडि म त विदेशी झैँ भएको छु,
म त चोकरीमा जमेको घानी झैँ भएको छु।
मलाई एक्लै छोडी न जाऊ, आऊ मेरो नजिक,
म त बिहानमा परेको कुहिरो झैँ भएकी छु, हे मेरी प्रियतमा।



**लेखक : घनश्याम कुमार शर्मा**
**ठेगाना : जनकपुरधाम-११**

## ।। मेरो देश : सङ्कटमा मानवता ।।

चारैतिर हाहाकार अनि प्रकृतिले,
झन्झन् विकराल रुप लिँदै छ ।
विश्वकै सुन्दर, शान्त मानिने मेरो देशमा,
अहिले प्रकृतिले सङ्कटको परिवेश सिर्जना गर्दै छ ।
कतै पूर्वाधारको क्षति छ यहाँ ,
कतै कयौँ ज्यान-धनको विनाश छ ।
यस्तो कठिन समयमा पनि सेना-प्रशासन,
दिनरात नभनी उद्धारमा हरपल तैनाथ छन् ।
ठूलाठूला घर र भवन पलभरमै भत्किँदै छन्,
यातायात चल्ने सडक अहिले नदी बन्दै छन् ।
ठूलाठूला सपना बुनेर सजाएका मन र महल,
पलभरमै बगेर यहाँ सखाप हुँदै छन् ।
बग्दै गरेको शवलाई छाडी,
खोज्छन् भौतिक सामान यहाँ,
लुछ्छन् गहना मृत शरीरको,
छैन अब बाँकी कतै मानवता र सद्भाव यहाँ।
कोही ज्यान जोगाउन भागाभाग छ यहाँ,
कसैलाई सिलिन्डर पाउने आशा छ यहाँ।
भुलेर मानवता आजभोलि यो समाज,
केवल सम्पत्तिकै लाचार दास हुँदै छ यहाँ।



**लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगाना : ग. चा.न.पा.१ (धनुषा)**

## ।। मेरो देश सङ्कटमा छ ।।

माटो रुँदैछ आज, आमा बोलाउँदैछिन्,
सङ्कटको यो घडीमा, आफ्नाहरूलाई सम्झिँदैछिन्।
जसले हुर्काए यो छातीमा माया दिएर,
आज तिनै सपनाहरू आँखै अगाडि जलिरहेछन्।
हिमालको त्यो उच्च टाउको आज झुकेझैँ लाग्छ,
तराईको सिरानमा आँसुको नदी बगेझैँ लाग्छ।
पहाडका चौतारीहरू सोध्छन्- "कता गए हाम्रा मान्छे?"
शान्तिको यो देशमा फेरि आँधी चलेझैँ लाग्छ।
वीरहरूको रगतले सिञ्चित यो पवित्र भूमि,
आज किन स्वाभिमान खोज्दै हार मान्दैछ?
बल्ल-बल्ल बालेको आशाको एउटा दियो,
कालो बादलको छायाले निभाउन खोज्दैछ।
तर हार मान्नु छैन, यो माटो हाम्रो हो,
हरेक नेपालीको धड्कनमा देशको माया जीवित छ।
यो अँध्यारो रात काटिनेछ, बिहानी फेरि आउनेछ,
हामी मिलेर उठाउनेछौँ, मेरो देश फेरि हाँस्नेछ।



**अजय कुमार साह**
**पलचौक जनकपुरधाम**

## ।। जे जे हुन्छ हाम्रै देशमा ।।

कहिले बाढी कहिले
पहिरो आउछ देशमा
जनताहरु दुखी छन
रहन्छ जोगीको भेषमा
अकालमा ज्यान गुमाए
हाम्रा देशका मानिसहरु
बाढी पहिरो को रेसमा
रक्षास पनि यहि देशमा
जन्मेको छ
तिन बर्ष बच्चाको बलात्कार गर्छ
हाम्रै देशमा
कानून छन कागजकै पन्नामा
अपराधी खुल्लेआम घुमे छन
यही देशमा



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। के सोच्दैछौ तिमी? ।।

के सोच्दैछौ तिमी?
अगाडि प्रश्न छ, उत्तर खोज्दैनौ तिमी।
छ कलाको संसार, तर चित्र कोर्दैनौ तिमी।
भगवान तिम्रो मन्दिर बनाउने पर्खाईमा छ,
बेल्चा र ढुङ्गा बोक्दैनौ तिमी।
छ सम्भावना जितको,
तर अतितको हार छोड्दैनौ तिमी।
तिम्रा पर्खाईमा छन् तिम्रा लाखौं भविष्य,
तर खै, वर्तमान बनेको तिमी?
थुप्रिए तिम्रा क्रोध, हुर्किए तिमीलाई ईर्ष्या,
खै, परिवर्तन गर्न खोज्दैनौ तिमी?
तर्नु छ खोला, छ काठ नजिक,
अनि डुङ्गा बनाउन खोज्दैनौ तिमी।
हो, तिमीसँग छ महाभारत जित्ने तीन बाण,
तर कायरताको युद्ध लड्दैनौ तिमी।
छ मस्तिष्क विदुरको, शकुनी बन्दैछौ तिमी।
जित्नु छ महाभारत, बर्बरिक बन्दैछौ तिमी।
आस छ तिम्रो भविष्यलाई तिम्रो,
मर्दैछ तिमी भित्रको सम्भावना तिम्रो।
के सोच्दैछौ तिमी?



**नाम : प्रिन्स कार्की**
**ठेगाना : नयाँ थिमी, भक्तपुर**

# 'टक्सिक'को कमाइमा ६२ प्रतिशत गिरावट, फ्लपको खतरा !



काठमाण्डु । 'केजीएफ' स्टार यशको मुख्य भूमिका रहेको फिल्म 'टक्सिक : अ फेयरी टेल फर ग्रोन-अप्स' २०२६ को सबैभन्दा ठूलो फ्लप बन्ने संकेत देखिएको छ । भारतमा एक सय करोडमाथिको सानदार ओपनिङ गरेको फिल्मले दोस्रो दिनमै बक्स अफिसमा घुँडा टेकेको छ । फिल्मको दोस्रो दिनको कमाइमा ६२ प्रतिशत गिरावट आएको भारतीय मिडियाले उल्लेख गरेका छन् ।

हिन्दी भर्सनमा ५५ करोडको ओपनिङ गरेको फिल्मले दोस्रो दिन भारतमा हिन्दीसहित कन्नड, तमिल, तेलुगु र मलयालम भाषामा गरी जम्मा ३७ करोड ६५ लाख कमाएको ट्रेड पोर्टल स्याकनिल्कले जनाएको छ । पहिलो दिन (१०१.१० करोड) को तुलनामा फिल्मको यो कमाइ ६२.८ प्रतिशतले कम हो । शुक्रबार रक्षा बन्धनमा भने फिल्मको व्यापार केही वृद्धि हुने अनुमान गरिएको छ ।

भारतमा दुई दिनमा १६५ करोड ८५ लाख ग्रस (१३८ करोड ७५ लाख नेट) कमाइ गरेको फिल्मले विश्वभरबाट १८५ करोड ६० लाख ग्रस कमाएको स्याकनिल्कको रिपोर्टमा उल्लेख छ। यसमा ओभरसिजको योगदान १९ करोड ७५ लाख रहेको छ। फिल्मले सबैभन्दा बढी हिन्दी भर्सनमा कमाइ गरेको छ । दुई दिनमा फिल्मको हिन्दी भर्सनको कमाइ झन्डै ८० करोड भारु छ ।

करिब ५ सय करोडको लागतमा निर्माण भएको फिल्मलाई दर्शक र समीक्षक दुवैले रुचाएका छैनन् । द इन्डिया टाइम्स, बलिउड हंगामा, हिन्दूस्तान टाइम्स, दैनिक भाष्करजस्ता भारतीय मिडियाले फिल्मलाई १ देखि २ सम्म रेटिङ दिएका छन् । दर्शकहरूले पनि सामाजिक सञ्जालमार्फत फिल्मको आलोचना गरिरहेका छन् । यसको असर फिल्मको व्यापारमा देखिन थालेको छ ।

३ घन्टा १४ मिनेट लामो 'टक्सिक' ठूलो स्केलको ग्याङस्टर फिल्म हो, जसमा रोमान्सदेखि एक्सनसम्म छ । फिल्ममा यशको 'स्क्रिन प्रेजेन्स' सबैभन्दा प्रभावशाली देखिएको छ । तर, कथा अस्पष्ट हुँदा फिल्मले दर्शकको ध्यान एकाग्र गर्न सक्दैन । यद्यपि, फिल्मको छायांकन, ब्याकग्राउन्ड म्युजिक, एक्सन, भिएफएक्स र संगीतको भने प्रशंसा भइरहेको छ ।

सन् २०१३ मा प्रदर्शन भएको 'लायर्स डाइस'बाट निर्देशन विधामा राष्ट्रिय अवार्ड जितेकी गीतू मोहनदासको निर्देशनमा बनेको यस फिल्ममा नयनतारा, कियारा आडवाणी, तारा सुतारिया, हुमा कुरैशी र रुक्मिणी वसन्तको पनि मुख्य भूमिका रहेको छ । तर, नयनताराबाहेक अरु अभिनेत्री फिल्ममा 'शो पिस'मा मात्र सीमित भएका छन् । फिल्म पूर्णतः यशमा केन्द्रित छ ।

# रोल्पाका २५ जना सम्पर्कविहीन, गृहमन्त्रीलाई वर्षमानले गराए ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का नेता वर्षमान पुनले भोटेकोशी बाढीका कारण क्षतिग्रस्त नुवाकोटको विदुर क्षेत्र पुगेका छन् । पुनसहित नेकपाका प्रमुख सचेतक युवराज दुलालसहितको टोलीले प्रभावित क्षेत्र निरीक्षण गरेको छ ।

निरीक्षणका क्रममा गृहमन्त्री सुधन गुरुङ, नुवाकोटका प्रमुख जिल्ला अधिकारीलगायत सम्बन्धित निकायसँग उद्धार, राहत र पुनःस्थापनाका विषयमा छलफल भएको नेता पुनले बताए । गृहमन्त्रीलाई विपद्को कठिन घडीमा प्रभावित नागरिकको जीवनरक्षा र तत्काल राहतलाई पहिलो प्राथमिकतामा राख्न उनको आग्रह छ ।

सोही क्रममा रसुवागढी क्षेत्रमा सम्पर्कविहीन रहेका रोल्पाका २५ जना नागरिकसहित सबै नागरिकको तीव्र खोजी, उद्धार र सुरक्षित पुनःस्थापनाका लागि सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराएको बताए ।



गृहमन्त्री गुरुङले भने, 'विपद्को पीडामा रहेका परिवारहरूलाई आशा र भरोसा दिलाउनु राज्यको दायित्व हो। हराइरहेका आफन्तहरूको सकुशल उद्धारका लागि खोजी तथा उद्धार कार्यलाई अझ तीव्र बनाउन निरन्तर पहल र समन्वय गर्नेछु ।'

# एमालेका दुई प्रदेश कमिटीद्वारा राहतका लागि २० लाख सहयोग घोषणा




काठमाण्डु । रसुवा बाढीबाट प्रभावितको राहत र उद्धारका लागि नेकपा (एमाले) को दुई प्रदेश कमिटीले प्रधानमन्त्री राहत कोषमा रु २० लाख सहयोग गर्ने घोषणा गरेका छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा शुक्रबार बाढी प्रभावित क्षेत्रमा उद्धार तथा राहतका लागि जान लागेको युवा स्वयंसेवक फोर्सका टोलीको बिदाइको क्रममा उक्त सहयोग घोषणा गरिएको पार्टी सचिव एवं बागमती प्रदेशका इन्चार्ज महेश बस्नेतले जानकारी दिनुभयो ।

एमाले बागमती प्रदेश कमिटी र राजधानी प्रदेश कमिटीले क्रमशः रु १०/१० लाख उपलब्ध गराउने तथा सबै तहका कमिटीबाट सहयोग सङ्कलन गरी एकमुष्ट सहयोग गरिने उहाँले बताउनुभयो । यसअघि एमाले महासचिव शङ्कर पोखरेलको नेतृत्वमा सचिव डा राजन भट्टराई, नीति अध्ययन प्रतिष्ठानका प्रमुख विष्णु रिमाल, जनसङ्गठन समन्वय संयन्त्रका प्रमुख विशाल भट्टराई, स्वास्थ्य विभाग प्रमुखका कृष्णगोपाल श्रेष्ठ, प्रचार तथा प्रकाशन विभाग प्रमुखका नीरज आचार्य, विभिन्न जनसङ्गठनका प्रमुखलगायतले बिहीबार नुवाकोटको विदुर पुगेर बाढीपहिरो प्रभावित क्षेत्रको स्थलगत अवस्थाबारे जानकारी लिनुभएको थियो ।

टोलीले प्रभावित क्षेत्रको अवस्था, उद्धार तथा राहतको आवश्यकता र तत्काल गर्नुपर्ने कामबारे स्थानीयसँग जानकारी लिएको थियो ।

एमालेले विपद्को समयमा पार्टीका नेता तथा कार्यकर्तालाई राहत, उद्धार तथा स्वयंसेवी कार्यमा परिचालन गर्ने तयारी गरेको छ । प्रवासी कमिटीले २० लाख दिने

एमाले निकटकै नेपाली मञ्च, अन्तरराष्ट्रिय कमिटीले बाढी पहिरोको विपत्तिमा परेकाको उद्धार तथा राहत कोषमा तत्काल रु २० लाख सहयोग गर्ने भएको छ । कमिटीको सचिवालयको आकस्मिक बैठकले मातृभूमिप्रतिको दायित्वलाई आत्मसात गर्दै बाढीपहिरो प्रभावित नागरिकको तत्काल राहत तथा सहयोगका लागि कमिटीको कोषबाट उक्त रकम उपलब्ध गराउने निर्णय गरेको हो । रासस

# भारतले टनेल रेस्क्यू टिम र बेलिब्रिज पठाउने




**टुडे समाचारदाता**

काठमाण्डु । भारत सरकारले टनेल रेस्क्यू टिम र बेलिब्रिज पठाउने भएको छ ।

विभिन्न हाइड्रोपावरभित्र फसेका कामदारहरूको उद्धारका लागि भारत सरकारले टनेल रेस्क्यू टिम पठाउन लागेको छ ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैयसवालले शुक्रबार पत्रकार सम्मेलनमार्फत उक्त टिम पठाउन लागेको जानकारी दिएका छन् ।

यसका साथै, टिम पठाउनु अगाडि रेक्की गर्ने टोली बाढी प्रभावित क्षेत्रमा पुगेर निगरानी गर्ने पनि उनले बताए ।

उनले भने, 'भारतले दुई वटा जहाज मानवीय सहायता सहित पठाइसकेको छ। तेस्रो जहाज पनि जाने तयारीमा छ। नेपालको अनुरोध अनुसार हामीले टनेल रेस्क्यू टिम पनि पठाउने तयारी गरेका छौं,' उनले भने, 'त्यसका लागि पहिला रेक्की टिम पठाउँदैछौं, जहाँ प्रभावित क्षेत्रमा पुगेर आवश्यक सामग्रीबारे विश्लेषण गर्नेछ ।'

यसका साथै स्वास्थ्यकर्मीको टोली पनि पठाइने उनले बताएका छन् । नेपाल सरकारकै अनुरोधमा बेलिब्रिज पनि पठाउने तयारी रहेको उनले जानकारी दिए ।

बेलिब्रिज चाँडो जडान गर्नका लागि प्राविधिक टोली पनि पठाइने उनको भनाइ छ ।


भारत सरकारले राष्ट्रिय विपद प्रतिकार्य बल (एनडिआरएफ) को टिमलाई आवश्यक सामग्रीसहित पठाउन नेपाल सरकारसमक्ष प्रस्ताव राखेको पनि उनले बताए ।

उनले नेपाल सरकारले माग गरेका अन्य सहयोगका लागि पनि तयार रहेको बताए ।

# नेकपा बहुमतका नेता गुणराज निष्कासित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिस्ट पार्टी (बहुमत) का अध्यक्ष मण्डलका सदस्य गुणराज लोहनी 'प्रवीर' लाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरिएको जनाइएको छ ।



पार्टी अध्यक्ष मण्डलको बैठकमा धर्मेन्द्र बास्तोलाको अध्यक्षतामा छलफल भइरहेका बेला अध्यक्षमाथि अमर्यादित ढंगले गालीगलौज गरेको उनीमाथि आरोप छ । यस्तो व्यवहारले पार्टीको अध्यक्ष मण्डलका सदस्यको हैसियत, मर्यादा र अनुशासन उल्लंघन गरेको निष्कर्ष निकाल्दै उनलाई कारबाही गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सो विज्ञप्तिमा गुणराजले यसअघि पनि पार्टी अध्यक्ष र केही सदस्यविरुद्ध पटक-पटक अमर्यादित अभिव्यक्ति दिने, गालीगलौज गर्ने, हुलहुज्जत र गुटबन्दी गर्ने गरेको आरोप लगाइएको छ। यस्ता गतिविधिबाट पार्टीलाई कमजोर बनाउने, अनुशासनहीनता बढाउने, आन्तरिक विवाद र विभाजन निम्त्याउने प्रयास हुँदै आएको लेखिएको छ ।

यसअघि पटक-पटक सम्झाउने, बुझाउने, चेतावनी दिने, आत्मालोचना गर्न लगाउने तथा निलम्बनसम्मका कारबाही गरेर व्यवहार सुधार्ने प्रयास गरेको भन्दै पार्टीले ती प्रयास प्रभावकारी नभएको र पछिल्लो बैठकमा समेत गम्भीर अनुशासन उल्लंघन गरेको भन्दै लिखित आत्मालोचनाका लागि भनिएकोमा उनले त्यसलाई समेत अस्वीकार गरेको विज्ञप्तिमा उल्लेख छ।

पार्टीले जनाए अनुसार पटक-पटकको सम्झाइबुझाइ र कारबाहीपछि पनि आफ्नो व्यवहार नसुधारेपछि गुणराजलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी सम्पूर्ण जिम्मेवारीबाट निष्कासन गरिएको प्रस्ट्याइएको छ ।

# एकीकृत कमाण्ड पोस्ट निर्माण गर्न सरकारलाई सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेका महासचिव शंकर पोखरेलले विपद्ग्रस्त क्षेत्रमा जाँदाको अनुभूति सार्वजनिक गर्दै तत्काल थप वैकल्पिक योजना आवश्यक रहेको बताएका छन् ।

उनले भने, 'सरकारले उद्धारको काम गरिरहेको छ । नुवाकोट विदुरमा नेपाली सेनाको व्यारेकलाई बेसक्याम्प बनाएर नेपाली सेनाको कमान्डमा हवाई उद्धारको काम भइरहेको छ, यो सकारात्मक छ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'तर जमिनको यथार्थ स्थिति र सरकारी संयन्त्रबीच ठूलो खाडल देखिएको छ ।'



महासचिव पोखरेलका अनुसार समन्वयको अभाव छ । 'सुरक्षा निकायहरूबीच आपसी समन्वय र सहकार्य देखिँदैन । गृह मन्त्रालय र जिल्ला प्रशासनले राहत र उद्धारको प्रभावकारी कमान्ड सम्हाल्न सकेका छैनन्,' उनी लेख्छन्, 'नेपाली सेनासँग स्थानीय प्रशासन र जनप्रतिनिधिहरूको सहज पहुँच स्थापित हुन सकेको देखिँदैन ।' सडक सञ्जाल विच्छेद भएको छ । त्रिशूलीपारिको क्षेत्रमा पुग्ने लाइफलाइन पूर्णतः विच्छेद भएको छ । जसका कारण ती क्षेत्रहरूमा स्वयंसेवक र राहत सामग्री पुग्न सकेको छैन ।

यसका साथै, पोखरेलले उद्धारमा कठिनाइ भएको बताएका छन् । अलपत्र परेका र बाढीबाट विस्थापितहरूको संख्या ठूलो भएका कारण तत्काल सबैतिर हवाई उद्धार हुने स्थिति पनि छैन । यसमाथि, हेलिकप्टरको सीमितता र मौसमको प्रतिकूलताले समस्या थप गम्भीर बनाएको छ ।

सञ्चार र स्थलमार्गको अवरोध पनि समस्याको रूपमा रहेको छ ।

पोखरेलका अनुसार बिजुली र सञ्चारको अभावले सूचना आदानप्रदान ठप्प छ भने उनीहरूलाई स्थलमार्गबाट उद्धार गर्ने वा राहत पुर्‍याउने कुनै भरपर्दो योजना बन्न सकेको छैन ।

यी अवस्था देखाउँदै महासचिव पोखरेलले अबको आवश्यकता वैकल्पिक योजनाको रहेको बताएका हुन् ।

'सरकारले तत्काल निम्न वैकल्पिक योजना अघि बढाउनै पर्छ,' उनले भनेका छन्, 'तीनवटै सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिहरूलाई समेटेर एकीकृत कमान्ड पोस्ट तुरुन्त निर्माण गर्न आवश्यक छ ।'

मुख्य लाइफलाइन नजोडिएसम्म वैकल्पिक माध्यम तुइन, फलामे डोरी वा साना अस्थायी पुलमार्फत जोखिममा रहेका क्षेत्रमा खानेपानी, औषधि र खाद्यान्न पुर्‍याउन माग गरेका छन् ।

स्थलमार्ग खुलाउन निजी क्षेत्रका ठूला हेभी इक्युपमेन्टहरूलाई समेत परिचालन गरी युद्धस्तरमा काम गर्ने र नदी तथा ठूला खोलाहरूमा बेलिब्रिज जडान गर्ने कार्यका लागि अनुरोध गरेका छन् ।

डुबान क्षेत्रको भग्नावशेष र दलदलमा दबेका शवहरूको खोजी कार्यलाई तिव्रता दिन थप जनशक्ति र आधुनिक उपकरण परिचालन गर्ने कार्यका लागि सरकारको ध्यानाकर्षण गरेका छन् ।

राहत र उद्धारका लागि सुरक्षा निकायका अतिरिक्त कामको प्रकृतिका आधारमा नागरिक स्तरबाट स्वयंसेवकहरूलाई तत्काल परिचालन गर्न आवश्यक रहेको भन्दै उनले लेखेका छन्, 'यो मानवीय संकटको बेला राजनीति वा प्रक्रियागत विलम्ब गर्ने छुट कसैलाई छैन । सरकारको ध्यान यसतर्फ यथाशीघ्र जाओस् ।'

# आवश्यक सहयोग लिन्छौँ, उद्धारमा कुनै कमी हुन्न : परराष्ट्रमन्त्री खनाल

काठमाण्डु । रसुवाको भोटेकोशी नदीमा यही भदौ १० गते बिहान गएको भीषण बाढीपछि सञ्चालित खोज तथा उद्धार कार्यमा अन्तरराष्ट्रिय टोली नबोलाइएको विषयमा उठेका प्रश्न र टिप्पणीबारे सरकारले आफ्नो धारणा सार्वजनिक गरेको छ ।



परराष्ट्रमन्त्री शिशिर खनालले अन्तरराष्ट्रिय सहयोग अस्वीकार गरेको नभइ राष्ट्रिय क्षमता, तत्कालको आवश्यकता र नेपालको विशिष्ट भौगोलिक अवस्थालाई ध्यानमा राखेर उद्धार रणनीति तय गरेको बताउनुभयो।

नेपालको भौगोलिक बनावट, विकट भू-भाग र स्थानीय वातावरणीय अवस्थासँग नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका उद्धार टोली लामो समयदेखि अभ्यस्त रहेको उल्लेख गर्दै उहाँले सरकारले सुरुआती चरणमा आफ्नै सुरक्षा संयन्त्रको अधिकतम परिचालनलाई प्राथमिकता दिएको जनाएको बताउनुभयो ।

अपरिचित भूगोलमा बाह्य उद्धार टोली परिचालन गर्दा समन्वय तथा प्राविधिक व्यवस्थापनमा थप जटिलता आउन सक्ने र अनपेक्षित जोखिम पनि सिर्जना हुन सक्ने भएकाले उपलब्ध राष्ट्रिय क्षमतामै उद्धार कार्य सञ्चालन गरिएको मन्त्री खनालले बताउनुभयो । "हाम्रो टिम सक्षम छ, हाम्रो भूगोलप्रति परिचित छ । हाम्रो सुरक्षा निकायहरू-सेना, प्रहरी र सशस्त्र प्रहरी-सबै यसमा लागिरहेका छन्," उहाँले भन्नुभयो ।

मन्त्री खनालले विपद् हुनेबित्तिकै हरेक मुलुकले विदेशी सहयोग नलिने भन्दै आफ्नो राष्ट्रिय क्षमताले धान्न सक्ने अवस्थासम्म आफ्नै संयन्त्रबाट काम गर्नु स्वाभाविक भएको बताउनुभयो । नेपालको राष्ट्रिय संयन्त्र, संरचना र संस्थाले आफैँ गर्न सक्ने काममा आत्मविश्वासका साथ अघि बढ्ने सरकारको नीति रहेको उहाँको भनाइ छ ।

यद्यपि, सरकारले मित्रराष्ट्र तथा अन्तरराष्ट्रिय समुदायको सहयोगलाई अस्वीकार नगरेको उहाँले स्पष्ट पार्नुभयो । विशेषगरी सुरुङभित्र उद्धार गर्नुपर्ने वा अत्यन्त जटिल भौतिक संरचनामा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने अवस्थाआएमाआवश्यकताअनुसार अन्तरराष्ट्रिय सहयोग लिन सरकार तयार रहेको उहाँले उल्लेख गर्नुभयो । "जहाँ हामीलाई थप प्राविधिक क्षमता आवश्यक हुन्छ, त्यहाँ आवश्यकताअनुसार सहकार्य गर्छौं," मन्त्री खनालले भन्नुभयो । उहाँले यस सम्बन्धमा मित्रराष्ट्रहरूसँग सरकार निरन्तर संवाद र समन्वयमा रहेको जानकारी दिँदै आवश्यकताअनुसार प्राविधिक सहयोग लिने स्पष्ट नीति रहेको बताउनुभयो । रासस

# तलब काटेर राहत कोषमा जम्मा गरिने, कर्मचारीको बिदा र काज रद्द

**टुडे समाचारदाता**

काठमाण्डु । रसुवाको भोटेकोशी नदी र तल्लो तटीय क्षेत्रमा भदौ १० गते आएको भीषण बाढीबाट प्रभावितहरूको राहत र उद्धारका लागि कर्मचारीहरूले तलब काटेर प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने भएका छन् ।



बाढीपछिको राहत तथा पुनर्स्थापना कार्यमा योगदान पुर्‍याउन संघीय सरकारका कर्मचारीहरूको भदौ महिनाको तलबबाट २ देखि १० दिनसम्मको रकम कट्टा गरी उद्धार कोषमा जम्मा गर्ने भएका छन् ।

मुख्य सचिवको नेतृत्वमा बसेको सचिव बैठकको निर्णयअनुसार श्रेणीविहीन कर्मचारीको २ दिन, राजपत्र अनंकित वा सो सरहका कर्मचारीको ५ दिन, राजपत्रांकित तृतीय र द्वितीय श्रेणीको ७ दिन र प्रथम तथा विशिष्ट श्रेणीका कर्मचारीको १० दिन बराबरको तलब कट्टा गरिने भएको छ ।

यस व्यवस्थाबाट संघीय सरकारका कर्मचारीहरूबाट मात्रै करिब ३६ करोड रुपैयाँ कोषमा जम्मा हुने अनुमान गरिएको छ। साथै, सरकारले प्रदेश, स्थानीय तह र अन्य सार्वजनिक निकायका कर्मचारीहरूलाई पनि सोही बमोजिम कोषमा योगदान गर्न आह्वान गरेको छ ।

सो बैठकले बाढीका कारण क्षतिग्रस्त सडक, पुल, खानेपानी, विद्युत् र दूरसञ्चार जस्ता अत्यावश्यक पूर्वाधारहरूको पुनःसञ्चालन तत्काल अगाडि बढाउन सम्बन्धित मन्त्रालय र निकायहरूलाई निर्देशन दिइएको छ ।

प्रभावितहरूको खोज, उद्धार, राहत र अस्थायी बसोवासको कार्यलाई उच्च प्राथमिकता दिई समन्वयात्मक रूपमा अघि बढाउने निर्णय पनि बैठकले गरेको छ ।

त्यस्तै विपद् व्यवस्थापनलाई चुस्त बनाउन सरकारले सार्वजनिक बिदाका दिनमा समेत आवश्यकता अनुसार कर्मचारीहरूलाई अनिवार्य उपस्थित गराई कामकाज गर्ने व्यवस्था मिलाएको छ ।

बाढी प्रभावित क्षेत्रमा नियमित सेवा प्रवाह सुनिश्चित गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको छ ।

यसैगरी, विपद् प्रतिकार्यमा सबै तहका कर्मचारी क्रियाशील रहनुपर्ने भन्दै सरकारले अत्यावश्यक कामबाहेक कर्मचारीलाई काज नखटाउने र बिदा स्वीकृत नगर्ने निर्णय गरेको छ ।

प्रदेश र स्थानीय तहका कर्मचारीलाई केन्द्रमा बोलाएर गरिने गोष्ठी, सेमिनार र अन्य कार्यक्रम (सञ्चालनमा रहेका सेवाकालीन तालिम बाहेक) पनि स्थगित गरिएको जनाइएको छ ।

# सुदूरपश्चिमका कांग्रेस सांसदले १० दिनको तलब सहयोग गर्ने

**टुडे समाचारदाता**

कैलाली । नेपाली कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलले रसुवाको भोटेकोशी बाढी प्रभावितका लागि मानवीय सहायता तथा राहतस्वरूप आर्थिक सहयोग गर्ने घोषणा गरेको छ ।

संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री कमलबहादुर शाहले आफ्नो एक महिनाको पारिश्रमिक र दलका अन्य प्रदेशसभा सदस्यहरूले १० दिनको पारिश्रमिक बराबरको रकम सहयोग गर्ने घोषणा गरेका छन् ।




संसदीय दलले जनाए अनुसार उक्त सहयोगबापत जम्मा ३ लाख ६० हजार ८ सय ३३ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराइने भएको छ ।

# डब्ल्यूएचओले क्षयरोग महामारी अन्त्य गर्न विश्वव्यापी प्रयासलाई तीव्र बनाउने घोषणा

एएफपी । चीनमा विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) को क्षयरोग (टीबी) अनुसन्धान र नवप्रवर्तनसम्बन्धी नयाँ विश्वव्यापी सहयोग केन्द्र शुक्रबार स्थापना गरिएको छ । यसले विश्वको सबैभन्दा घातकमध्ये एक सङ्क्रामक रोग टीबी नियन्त्रण गर्ने विश्वव्यापी अभियानमा चिनियाँ विशेषज्ञता उपलब्ध गराउने लक्ष्य राखेको छ।

यो केन्द्र बेइजिङस्थित चिनियाँ रोग नियन्त्रण तथा रोकथाम केन्द्र (चाइना सीडीसी) मा औपचारिक रूपमा उद्घाटन गरिएको हो । यसले वैज्ञानिक तथा प्राविधिक नवप्रवर्तन, रोग निगरानी र टीबी रोकथाम तथा नियन्त्रणका अन्य क्षेत्रमा केन्द्रित रहनेछ।



डब्ल्यूएचओको एचआईभी, क्षयरोग, हेपाटाइटिस तथा यौन सञ्चारित सङ्क्रमण विभागका निर्देशक टेरेजा कासाएभाले भन्नुभयो, “चीनले क्षयरोगको भार घटाउन उल्लेखनीय प्रगति गरेको छ र विश्वव्यापी क्षयरोग नियन्त्रणमा बढ्दो महत्वपूर्ण भूमिका खेलिरहेको छ।” डब्ल्यूएचओको विश्व टीबी रिपोर्ट २०२५ अनुसार, चीनमा सन् २०२४ मा कुल क्षयरोग सङ्क्रमणदर प्रति एक लाख जनसङ्ख्यामा ४९ मा झरेको छ। यसले चीनलाई मध्यमदेखि न्यून क्षयरोग सङ्क्रमित भएको देश बनाएको छ।

कासाएभाले भन्नुभयो, “नयाँ केन्द्र विश्वव्यापी नवप्रवर्तन, अनुसन्धान, प्रविधि आदानप्रदान र क्षमता विकासको महत्त्वपूर्ण मञ्चको रूपमा काम गर्न सक्छ, जसले वैज्ञानिक प्रगतिको व्यावहारिक समाधानमा रूपान्तरण गर्न मद्दत गर्नेछ।”

‘चाइना सीडीसी’ अन्तर्गतको राष्ट्रिय क्षयरोग रोकथाम तथा नियन्त्रण केन्द्रका प्रमुख झाओ यानलिनले केन्द्रले पाँचवटा मुख्य कार्यहरू गर्ने बताउनुभयो ।

यी कार्यहरूमा नयाँ निदान प्रविधि, एन्टी-टीबी औषधि, खोप र डिजिटल स्वास्थ्य उपकरणहरूको विकास, मूल्याङ्कन र प्रवर्द्धन; टीबीसम्बन्धी डब्ल्यूएचओको दिशानिर्देश र मापदण्डको निर्माण तथा संशोधनमा योगदान गर्नेछ । यसले प्रयोगशाला परीक्षण र महामारी विज्ञान अनुसन्धानमा अन्तर्राष्ट्रिय तालिम तथा क्षमता विकास, विश्वव्यापी क्षयरोग अनुगमन, जोखिम मूल्याङ्कन र तथ्याङ्क साझेदारी, तथा प्राविधिक आदानप्रदान र संयुक्त अनुसन्धानका लागि बहुपक्षीय मञ्च स्थापना गर्ने बताइएको छ।

डब्ल्यूएचओको तथ्याङ्क अनुसार, दशकौंको नियन्त्रण प्रयासका बाबजुद क्षयरोग अझै पनि एकल सङ्क्रामक रोगबाट हुने मृत्युको विश्वको प्रमुख कारण बनेको छ । नयाँ केन्द्रको स्थापना अन्तर्राष्ट्रिय समुदायले सन् २०३० सम्म विश्वव्यापी क्षयरोग महामारी अन्त्य गर्ने लक्ष्यतर्फ काम गरिरहेका बेला आएको हो ।

सन् २०१२ देखि चीनमा क्षयरोगको समस्या निरन्तर घटेको छ। घटनादर र मृत्युदर दुवै लगभग ३० प्रतिशतले घटेका छन् भने क्षयरोग निको हुने राष्ट्रिय दर ९० प्रतिशतभन्दा माथि कायम छ।

# इरानविरुद्ध कारबाही जारी रहेको ट्रम्पको भनाइ



एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको अमेरिकी सैन्य कारबाही समाप्त नभएको बताउनुभएको छ । हर्मुज जलघाँटी खुले पनि त्यसलाई सैन्य अभियान अन्त्य भएको सङ्केतका रूपमा नलिन उहाँले चेतावनी दिनुभएको छ।

पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले हालैको द्वन्द्वपछि इरान गम्भीर सैन्य तथा आर्थिक दबाबमा रहेको दाबी गर्नुभयो। उहाँले इरानसँग सैन्य क्षमता सीमित रहेको र मुलुक आर्थिक समस्यामा परेको बताउनुभयो । “होर्मुज खुला छ भन्दैमा हामीले सैन्य कारबाही समाप्त गर्‍यौं भन्ने होइन”, उहाँले भन्नुभयो।


राष्ट्रपति ट्रम्पले भविष्यमा हुन सक्ने अमेरिकी सैन्य कारबाहीका सर्त वा योजनाबारे कुनै विवरण दिनुभएन। उहाँले इरानी नेतृत्वसँग तत्काल वार्ता गर्ने सम्भावनालाई समेत अस्वीकार गर्दै इरानसँग अहिले वार्ता गर्नुपर्ने अवस्था नरहेको बताउनुभयो।

यसैबीच, रुसले इरानसँगको सम्बन्ध घटाउन असफल भए कारबाही गर्ने आफ्नो अभिप्राय छ कि छैन भन्ने प्रश्नमा ट्रम्पले निर्णय परिस्थितिमा निर्भर रहने बताउनुभयो । उहाँले हर्मुजको विषयमा रुसले अहिलेसम्म ‘राम्रो व्यवहार’ गरेको उल्लेख गर्नुभयो। तर रुसले के कदम चालेको हो भन्ने उहाँले स्पष्ट पार्नुभएन।

ट्रम्पका पछिल्ला भनाइ महत्त्वपूर्ण समुद्री मार्ग पुनः खुले पनि वासिङ्टनले इरानसँग तत्काल कूटनीतिक संवाद अघि नबढाउने सङ्केतका रूपमा आएका छन् । अमेरिकी प्रशासनले तेहरानमाथि आर्थिक प्रतिबन्ध, सैन्य दबाब र थप कारबाहीको सम्भावनालाई निरन्तरता दिएको छ।

ओमान र इरानबीच रहेको हर्मुज जलघाँटी खाडीलाई अरब सागर र ओमानको खाडीसँग जोड्ने महत्त्वपूर्ण ऊर्जा मार्ग हो। विश्व बजारमा खाडी मुलुकबाट तेल तथा तरलीकृत प्राकृतिक ग्यास आपूर्तिका लागि यसको प्रमुख भूमिका रहेको छ।

# चीनका राष्ट्रपति सीद्वारा नेपालमा आएको प्राकृतिक विपत्तिप्रति समवेदना व्यक्त



एएफपी । चिनियाँ राष्ट्रपति सी जिनपिङले नेपालमा आएको प्राकृतिक विपत्तिप्रति राष्ट्रपति रामचन्द्र पौडेललाई शुक्रबार समवेदना सन्देश पठाउनुभएको छ।

हालै चीनको तिब्बत क्षेत्रमा गएको हिमपहिरो र त्यसका कारण नेपालमा भोटेकोशी र त्रिशुली नदीमा आएको बाढी र डुवानका कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा व्यापक भौतिक तथा मानवीय क्षति पुगेको थियो।

आफ्नो सन्देशमा चिनियाँ राष्ट्रपति सीले ‘चीन र नेपालबीचको केरूङ-रसुवा सीमा नाका क्षेत्रमा हालै गम्भीर विपद् आएको, जसले ठूलो जनधनको क्षति पुऱ्याएको, मानिसहरू बेपत्ता भएका र भौतिक सम्पत्तिको क्षति भएको उल्लेख गर्दै यसबाट नेपाल र नेपाली जनतालाई परेको पिडाले आफुलाई दुःखी बनाएको’ उल्लेख गर्नुभएको छ।

राष्ट्रपति सीले पीडितहरूप्रति गहिरो समवेदना व्यक्त गर्दै शोकसन्तप्त परिवार, घाइते र विपद्ग्रस्त क्षेत्रका जनताप्रति चीन सरकार र आफ्नो तर्फबाट हार्दिक सहानुभूति जनाउनुभएको छ।

चीन बेपत्ता व्यक्तिहरूको खोजी र उद्धार गर्न, प्रभावित व्यक्तिहरूलाई स्थानान्तरण र पुनर्वास गर्न, घाइतेहरूलाई शीघ्र चिकित्सा उपचार प्रदान गर्न, थप हताहतलाई नियन्त्रण गर्न र ठूला विपद् रोक्न हरसम्भव प्रयास गरिरहेको उहाँले बताउनुभएको छ।

राष्ट्रपति सीले भन्नुभएको छ, “चीन र नेपाल पहाड र नदीहरूले जोडिएका र साझा हित र अनुभव शेयर गर्छन् । चीन नेपालको उद्धार प्रयासहरूमा सक्रिय रूपमा सहयोग गर्न र आफ्नो क्षमताअनुसार समन्वय र सहायता प्रदान गर्न तयार छ।

दुवै देशका जनता मिलेर विपद्लाई पार गर्न र सकेसम्म चाँडो आफ्ना घरहरू पुनर्निर्माण गर्न सक्षम हुने पनि राष्ट्रपतिलाई पठाएको सन्देशमा उहाँले विश्वास व्यक्त गर्नुभयो।

यसअघि, चिनियाँ प्रधानमन्त्री ली छियाङले पनि शुक्रबार नै नेपालका प्रधानमन्त्री बालेन्द्र शाहलाई समवेदना सन्देश पठाउनुभएको थियो।

# चीनको साथबिना इरानमाथि दबाब कठिन



एएफपी । संयुक्त राज्य अमेरिकाले इरानको अर्थतन्त्रलाई थप दबाबमा पार्ने तयारी गरे पनि चीनको सहयोगबिना तेहरानलाई प्रभावकारी रूपमा आर्थिक रूपमा अलग गर्न कठिन हुने विश्लेषकहरूले बताएका छन् ।

मध्यपूर्वमा युद्ध सुरु भएको करिब छ महिनापछि वासिङ्टनले इरानविरुद्ध प्रतिबन्ध विस्तार गर्ने तयारी गरेको छ। अमेरिकी अधिकारीहरूले इरानलाई सहयोग गर्ने राष्ट्र तथा संस्थामाथि समेत कारबाही गर्ने चेतावनी दिएका छन् । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले चीनलाई अमेरिकी अभियानमा सहकार्य गर्न आग्रह गर्नुभएको छ।

तर चीनले तेहरानसँगको आफ्नो सहयोगको बचाउ गर्दै आफ्ना आर्थिक तथा रणनीतिक हितको रक्षा गर्ने स्पष्ट पारेको छ। आगामी सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सी जिनपिङले अमेरिकी राजधानीको भ्रमण गर्ने तयारी भइरहेका बेला इरानको विषयले चीन-अमेरिका सम्बन्धमा थप तनाव उत्पन्न गर्न सक्ने देखिएको छ।

सिङ्गापुरस्थित नानयाङ टेक्नोलोजिकल युनिभर्सिटीका राजनीतिक वैज्ञानिक डिलन लोहका अनुसार इरानलाई पूर्ण रूपमा आर्थिक रूपमा अलग गर्न अमेरिकालाई चीनको सहयोग आवश्यक पर्नेछ।

चीन इरानी तेलको प्रमुख खरिदकर्ता हो र दुई देशबीचको व्यापारको ठूलो हिस्सा चिनियाँ मुद्रा रेन्मिन्बीमा हुने भएकाले अमेरिकी प्रतिबन्धको प्रभाव सीमित गर्न सकिन्छ।

युद्धअघि इरानले दैनिक लाखौँ ब्यारेल तेल निर्यात गर्ने गरेकोमा ठूलो हिस्सा चीन पुग्ने गरेको थियो।

वासिङ्टनस्थित सेन्टर फर युरोपियन पोलिसी एनालिसिसका फेलो निनो लेजावाका अनुसार तेल इरानको प्रमुख आर्थिक आधार हो । चिनियाँ तेल खरिद घटे पनि त्यसबाट प्राप्त आम्दानी इरानका लागि महत्त्वपूर्ण रहेको फुदान विश्वविद्यालयका प्राध्यापक सन देगाङले बताउनुभयो।

चीनले इरानसँग व्यापार र वैकल्पिक भुक्तानी प्रणाली कायम राखिरहे मात्र पनि अमेरिकी प्रतिबन्धको प्रभाव कमजोर पार्न सकिने लेजावाको भनाइ छ । अमेरिकाले इरानसँग कारोबार गर्ने चिनियाँ बैंकमाथि समेत प्रतिबन्ध लगाउन सक्ने सङ्केत दिएको छ। यसै साता इरानलाई ‘महत्त्वपूर्ण प्रविधि’ उपलब्ध गराउन सहयोग गरेको आरोपमा केही चिनियाँ संस्थामाथि प्रतिबन्ध लगाइए पनि प्रमुख चिनियाँ वित्तीय संस्थामाथि भने व्यापक कारबाही गरिएको छैन।

प्राध्यापक सनले चिनियाँ कम्पनीमाथि निरन्तर प्रतिबन्ध लगाएर अमेरिकाले बेइजिङबाट इरानविरुद्ध सहयोगको अपेक्षा गर्न नसक्ने बताउनुभयो । चीनको विदेश मन्त्रालयले पनि इरानसँगको सहयोग अन्तर्राष्ट्रिय कानूनको दायराभित्र रहेको र त्यसमा बाह्य हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पारेको छ । हर्मुज जलघाँटीको अवरोधबाट चीनले समेत आर्थिक असर भोगिरहेको छ।

कमजोर घरेलु उपभोगका कारण आर्थिक दबाबमा रहेको चीनले इरानसँगको व्यापार पूर्ण रूपमा रोक्दा थप समस्या निम्तिन सक्ने विश्लेषकहरूको भनाइ छ। सिङ्गापुरस्थित नेसनल युनिभर्सिटीका सहयोगी प्राध्यापक चोङ जा इयानका अनुसार अमेरिकी प्रतिबन्ध कार्यान्वयनमा सहयोग गर्न चीनसँग खासै कारण छैन।

# इरानद्वारा अमेरिका-इजरायललाई चेतावनी

एएफपी । इरानका सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मेजर जनरल मोहसेन रेजाईले अमेरिकी नाकाबन्दी जारी रहे गम्भीर टकराव निम्तिन सक्ने चेतावनी दिनुभएको छ । उहाँले इजरायलसँग पुनः द्वन्द्व भए त्यसअघिका युद्धभन्दा फरक चरणका लागि इरान तयार रहेको बताउनुभएको छ।

इरानी समाचार संस्था आइआरआइबीका अनुसार अल-मनारसँगको अन्तर्वार्तामा रेजाईले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई ‘नरकमा पठाउने’ चेतावनी दिनुभयो। उहाँले नेतान्याहुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका छोराको हत्या गर्ने इरानी षड्यन्त्रसम्बन्धी गलत सूचना फैलाएर ट्रम्पको निर्णय प्रक्रियामा प्रभाव पारेको आरोपसमेत लगाउनुभयो।

लेबनानमा इजरायलसँग पुनः द्वन्द्व भए बेरुतको दहिया क्षेत्रलाई कुनै पनि हालतमा स्वीकार्य नहुने सीमा मान्ने रेजाईले बताउनुभयो। इजरायलले लेबनानमा कब्जा गरेका क्षेत्रबाट फिर्ता हुनुपर्ने उल्लेख गर्दै उहाँले भविष्यको युद्ध अघिल्लोभन्दा फरक हुने चेतावनी दिनुभयो।

अमेरिकाले सैन्य आक्रमणबाट आर्थिक दबाबतर्फ नीति परिवर्तन गर्नु सैन्य कारबाहीको ‘निरर्थकता’ को प्रमाण भएको रेजाईको दाबी छ । उहाँले नाकाबन्दी जारी रहे अमेरिकी आर्थिक हितलाई लक्षित गरी पूर्ण शक्तिका साथ जवाफ दिने चेतावनी दिनुभयो । युद्धविरामको अवधिमा इरानले करिब सातदेखि आठ करोड ब्यारेल तेल निर्यात गरेको उहाँले दाबी गर्नुभयो।

यसअघि अगस्ट २४ मा इजरायली प्रधानमन्त्री नेतान्याहुले इरानविरुद्ध अमेरिकाले लगाएको पछिल्लो प्रतिबन्धको स्वागत गर्नुभएको थियो । सोही दिन अमेरिकाले इरानको सैन्य गतिविधि, खरिद सञ्जाल तथा पेट्रोलियम र पेट्रोकेमिकल व्यापारसँग सम्बन्धित करिब ६० संस्था, व्यक्ति र पानीजहाजमाथि नयाँ प्रतिबन्ध लगाएको थियो।

रेजाईको अभिव्यक्ति अमेरिका र इरानबीच हाल कुनै वार्ता नरहेको अमेरिकी भनाइपछि आएको हो। ह्वाइट हाउसकी पूर्व प्रेस सचिव क्यारोलिन लेभिटले अर्थपूर्ण वार्ताका लागि इरान तयार नभएसम्म वार्ता अघि नबढ्ने बताउनुभएको छ। राष्ट्रपति ट्रम्पले भने इरानसँगको विषयमा ‘सबै विकल्प’ खुला राख्नुभएको छ।

यसैबीच, राष्ट्रपति ट्रम्पले बुधबार इरानलाई वार्तामा फर्कन कुनै निश्चित समयसीमा नदिएको र आफू वार्ता पुनः सुरु गर्न ‘हतारमा नरहेको’ बताउनुभएको थियो । उहाँले इरानमा बढ्दो मुद्रास्फीति र कमजोर अर्थतन्त्रलाई अमेरिकी आर्थिक दबाबको प्रभावका रूपमा प्रस्तुत गर्नुभएको छ।

# विनाशकारी बाढीपछि विश्व खेलकुद समुदायको सहानुभूति



**टुडे समाचारदाता**

जनकपुरधाम । चीनको तिब्बतस्थित हिमताल फुट्दा रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले नेपालका विभिन्न जिल्लामा ठूलो जनधनको क्षति पुऱ्याएपछि विश्व खेलकुद समुदायले ऐक्यबद्धता जनाएको छ।

युरोपका प्रतिष्ठित फुटबल क्लबदेखि भारतका आईपीएल फ्रेन्चाइज र अन्तर्राष्ट्रिय खेल संस्थासम्मले सामाजिक सञ्जाल एक्स र इन्स्टाग्राममार्फत नेपालका प्रभावित नागरिकप्रति सहानुभूति व्यक्त गरेका हुन्।

स्पेनिस ला लिगा च्याम्पियन एफसी बार्सिलोनाले आफ्नो आधिकारिक एक्समार्फत उद्धार तथा राहत कार्यमा संलग्न सबैप्रति सम्मान व्यक्त गरेको छ । बार्सिलोनाले कठिन घडीमा नेपाली जनतासँग एकजुट रहेको सन्देश दिएको हो । बार्सिलोना र एथ्लेटिक क्लबबीच गएरातिको खेलअघि मौनधारण समेत गरिएको थियो।

अर्को स्पेनिस क्लब एट्लेटिको मड्रिडले पनि एक्समार्फत संवेदना व्यक्त गर्दै नेपालका बाढीपीडित परिवारप्रति गहिरो दुःख प्रकट गरेको छ । क्लबले आफ्नो सन्देशमा ‘स्टे स्ट्रङ, नेपाल’ लेख्दै प्रभावित समुदायलाई शक्ति र साहसको कामना गरेको छ।

भारतका आईपीएल क्लबहरू पनि नेपालप्रति संवेदनशील देखिएका छन् । राजस्थान रोयल्सले एक्स र इन्स्टाग्राम दुवै माध्यमबाट सहानुभूति सन्देश जारी गरेको छ। चेन्नई सुपर किङ्सले पनि जनधनको क्षति भएको कुराले मर्माहत बनाएको भन्दै सहानुभूति सन्देश जारी गरेको छ।

कोलकाता नाइट राइडर्सले एक्समार्फत नेपालका बाढीपीडित परिवारप्रति संवेदना व्यक्त गर्दै उद्धार तथा राहत कार्यमा खटिएका सुरक्षाकर्मीलाई सलाम गरेको छ। त्यस्तै सनराइजर्स हैदराबादले पनि प्रभावित नागरिकको सुरक्षाको कामना गर्दै नेपालसँग ऐक्यबद्ध रहेको जनाएको छ।

फुटबल र क्रिकेट क्लबबाहेक विश्व खेलकुदसँग सम्बन्धित विभिन्न खेलाडी र संस्थाले पनि एक्समार्फत नेपालका लागि प्रार्थना र समर्थनका सन्देश सार्वजनिक गरेका छन्।

भोटेकोशी बाढीले रसुवा, नुवाकोट, धादिङ र त्रिशूली नदी तटीय क्षेत्रमा व्यापक विनाश निम्त्याएको छ। यसमा सयौँ मानिसको मृत्यु भएको छ भने ठूलो संख्यामा बेपत्ता भएको पुष्टि भइसकेको छ।

# रवीन्द्र र ताजिमा ‘रोड टु युएफसी’को फाइनलमा भिड्ने

**टुडे समाचारदाता**



काठमाण्डु । नेपाली फाइटर रवीन्द्र ढाँट र जापानका योँ ताजिमा ‘रोड टु युएफसी’को पाँचौं सिजनको बान्टमवेट उपाधिका लागि आमनेसामने हुने भएको छ।

चीनको सांघाईस्थित अक्टागनमा शुक्रबार भएको सेमिफाइनलमा रवीन्द्रले न्युजिल्यान्डका कासिब मर्डकलाई पराजित गर्दै फाइनलमा स्थान बनाएका छन् । तीन राउन्डको प्रतिस्पर्धापछि रवीन्द्र स्प्लिट डिसिजनमा विजयी भएका छन्।

अर्को सेमिफाइनलमा जापानका योँ ताजिमाले भारतका चुन्ग्रेङ कोरेनलाई तीन राउन्डको प्रतिस्पर्धामा युनानिमस डिसिजनबाट पराजित गर्दै फाइनलमा स्थान पक्का गरे। यसअघि क्वार्टरफाइनलमा ताजिमाले चीनका ताइ हाइताओलाई पनि स्प्लिट डिसिजनबाट हराएका थिए।

ताजिमाको व्यावसायिक एमएमए रेकर्ड १२-३ रहेको छ । उनी सैतामाको चिचिबुबाट आएका जापानी फाइटर हुन् र बान्टमवेट विधामा प्रतिस्पर्धा गर्नेछन्।

अब रवीन्द्र र ताजिमाबीचको फाइनल भिडन्त ‘रोड टु युएफसी’को बान्टमवेट उपाधिका लागि हुनेछ । प्रतियोगिताको विजेताले युएफसीमा प्रवेश गर्ने महत्वपूर्ण अवसर प्राप्त गर्नेछ।

वीन्द्रले ‘रोड टु युएफसी’को क्वार्टरफाइनलमा फिलिपिन्सका किम्बर्ट अलिन्टोजोनलाई दोस्रो राउन्डमा प्रहारमार्फत टेक्निकल नकआउट गर्दै पराजित गरेका थिए। युएफसीका अनुसार रेफ्रीले ४ मिनेट ३७ सेकेन्डमा दोस्रो राउन्डको खेल रोकेका थिए।

शुक्रबार सेमिफाइनलमा उनले अपराजित न्युजिल्यान्डका कासिब मर्डकलाई स्प्लिट डिसिजनमा हराउँदै फाइनलको यात्रा तय गरेका थिए।

२७ वर्षीय रवीन्द्र ढाँटको व्यावसायिक एमएमए रेकर्ड १० जित र १ हार रहेको छ । उनका १० जितमध्ये आठ नकआउट/टेक्निकल नकआउट, एक सबमिसन र एक निर्णयमार्फत आएका छन् । उनी बान्टमवेट विधामा प्रतिस्पर्धा गर्छन् र नेपालमा लक एन रोल एमएमएसँग आबद्ध छन्। रवीन्द्रले २०२१ मा व्यावसायिक एमएमए करियर सुरु गरेका थि ए। सन् २०२५ मा रवीन्द्रले भारतमा भएको म्याट्रिक्स फाइट नाइट १७ मा चुन्ग्रेङ कोरेनलाई तेस्रो राउन्डमा नकआउट गर्दै बान्टमवेट उपाधि जितेका थिए। उक्त उपाधिसँगै उनी व्यावसायिक एमएमए प्रमोसनमा उपाधि जित्ने पहिलो नेपाली खेलाडी बनेका थिए।

अब रवीन्द्रसँग आफ्नो करियरको सबैभन्दा ठूलो उपलब्धि हासिल गर्ने अवसर छ। जापानका योँ ताजिमाविरुद्धको फाइनल जित्न सके उनले ‘रोड टु युएफसी’को बान्टमवेट उपाधिसँगै युएफसीमा प्रवेश गर्ने अवसरसमेत प्राप्त गर्नेछन्।

‘रोड टु युएफसी’को प्रत्येक तौल समूहका विजेताले युएफसी सम्झौताको अवसर समेत पाउने छन्।

# चेल्सीमा गोलकिपर मार्टिनेज



एजेन्सी । चेल्सीले एस्टन भिल्लाका अर्जेन्टिनी गोलरक्षक एमिलियानो मार्टिनेजलाई ७.५ मिलियन पाउन्डमा अनुबन्ध गर्न सहमति गरेको जनाइएको छ।

३३ वर्षीय मार्टिनेजले लन्डनमा मेडिकल परीक्षण गरेपछि चेल्सीमा आबद्ध हुनेछन् । उनको आगमनले स्टामफोर्ड ब्रिजमा गोलरक्षकको समूह थप बलियो हुने अपेक्षा गरिएको छ।

चेल्सीले पछिल्लो समय पहिलो रोजाइका गोलरक्षक रोबर्ट सान्चेजको प्रदर्शनलाई लिएर चिन्ता व्यक्त गर्दै आएको थियो। विशेषगरी सोमबार फुलहममाथि ३-२ को जितमा सान्चेजको प्रदर्शनपछि क्लबले गोलरक्षकको विकल्प खोज्ने निर्णय गरेको छ।

यस खेलमा सान्चेजले जोस किङको प्रहार नियन्त्रण गर्न नसक्दा बल हातबाट फुत्किएको थियो। दोस्रो हाफमा पनि उनले अर्को प्रहार खतरनाक क्षेत्रमा खसाल्दा गोन्जालो गार्सियाले गोल गरेका थि ए।

सान्चेजलाई निरन्तर समर्थन गर्ने पक्षमा रहेको चेल्सीले स्थानान्तरणको अन्तिम मिति नजिकिँदै गर्दा आफ्नो निर्णय परिवर्तन गर्दै मार्टिनेजलाई भित्र्याउन लागेको छ।

चेल्सीसँग १७ मिलियन पाउन्डमा जेन्कबाट अनुबन्ध गरिएका माइक पेन्डर्स पनि गोलरक्षकका रूपमा विकल्पमा छन्। उनले बिहीबार राति लुटन टाउनविरुद्ध काराबाओ कपमा चेल्सीका लागि डेब्यु गर्ने सम्भावना रहेको छ।

पार्माबाट जापानी गोलरक्षक जियोन सुजुकीलाई करिब ३० मिलियन पाउन्डमा अनुबन्ध गरेपछि एस्टन भिल्ला मार्टिनेजलाई बेच्न तयार भएको थियो।

चेल्सी र भिल्लाबीच पछिल्लो समय खेलाडी कारोबारका धेरै सम्झौता भएका छन्। चेल्सीले भिल्लाबाट मोर्गन रोजर्सलाई क्लब कीर्तिमानी १ सय १७ मिलियन पाउन्डमा अनुबन्ध गरेको थियो । त्यस्तै, एलेजान्द्रो गार्नाचो गत महिना प्रारम्भिक लोन सम्झौतामा भिल्ला पुगेका थिए।

करिब ६५ मिलियन पाउन्ड मूल्यांकन गरिएका स्ट्राइकर निकोलस ज्याक्सन पनि बिहीबार भिल्ला पार्कमा मेडिकल परीक्षण गराइरहेका थिए। उनी पूर्व भिल्लारियल प्रशिक्षक उनाइ एमरीसँग पुनर्मिलनको तयारीमा छन् ।

चेल्सी र भिल्लाबीचको सम्बन्ध पछिल्ला वर्षहरूमा निकै नजिक देखिएको छ।

# बाढीपीडितलाई मितेरी बैंकको १० लाख सहयोग

सुनसरी । रसुवा भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत तथा पुनःस्थापनाका लागि मितेरी डेभलपमेन्ट बैंक लिमिटेड धरानले रु १० लाख सहयोग गरेको छ।



बैंकका सञ्चालक तथा कर्मचारीको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नेगरी उक्त रकमको चेक आज सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याललाई हस्तान्तरण गरिएको बैंकका सञ्चालक समिति अध्यक्ष किसन मास्केले जानकारी दिनुभयो।

बैंकको सामाजिक उत्तरदायित्वअन्तर्गत बाढी प्रभावितलाई सहयोग गर्ने उद्देश्यले सञ्चालक समिति तथा कर्मचारीको तर्फबाट रकम प्रदान गरिएको मास्केले बताउनुभयो।

त्यसैगरी, प्रीति भल्व एन्ड फिटिङ इन्डस्ट्रिज प्रालि धरानका सञ्चालक तथा मितेरी डेभलपमेन्ट बैंकका सञ्चालक समिति सदस्य अशोककुमार अग्रवालले व्यक्तिगततर्फबाट बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुर्‍याउने उद्देश्यले रु तीन लाखको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नेगरी प्रमुख जिल्ला अधिकारी अर्याललाई हस्तान्तरण गर्नुभएको छ। रासस

# भोटेकोशी बाढीपीडितका लागि इलामका दुई पालिकाद्वारा ३५ लाख सहयोग

इलाम । रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, उपचार तथा राहतका लागि इलामका दुई पालिकाले रु ३५ लाख सहयोग गर्ने घोषणा गरेका छन् ।



जिल्लाको चुलाचुली गाउँपालिकाले रु २५ लाख र माई नगरपालिकाले रु १० लाख प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेका हुन् ।

बिहिबार बसेको चुलाचुली गाउँपालिकाको ७६औँ कार्यपालिकाको बैठकले गाउँपालिका अध्यक्ष र उपाध्यक्षद्वारा सात दिनको र वडाध्यक्ष तथा सदस्यद्वारा पाँच दिनको सेवासुविधा प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरिएको गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङले बताउनुभयो ।

अध्यक्ष केरुङका अनुसार गाउँपालिकाका विभिन्न तहका कर्मचारीको पारिश्रमिक उपलब्ध गराउने निर्णय भएको छ। "भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, उपचार तथा राहतमा सहयोग पुग्ने विश्वाससहित आवश्यक सहयोग उपलब्ध गराउने निर्णय गरेका छौँ", अध्यक्ष केरुङले भन्नुभयो, "जनप्रतिनिधि तथा शिक्षक कर्मचारीको तर्फबाट रु २५ लाख सङ्कलन गरी जम्मा गर्नेछौँ ।"

यता बिहीबार नै बसेको माई नगरपालिकाको ६५औँ कार्यपालिका बैठकले सबै जनप्रतिनिधि तर्फबाट १५ दिनको सेवासुविधा र कर्मचारीको तर्फबाट दुई दिनको पारिश्रमिक प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको नगरप्रमुख खम्बासिंह लिम्बूले जानकारी दिनुभयो ।

जनप्रतिनिधि र कर्मचारीबाट सङ्कलित रकममा नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रकम थप गरी रु १० लाख पुर्‍याइनेछ इलाममा चार नगरपालिकासहित १० स्थानीय तह छन् ।

### आठ जना सम्पर्कविहीन

यसैबीच, भोटेकोशी बाढीमा विभिन्न काम तथा भ्रमणका सिलसिलामा रहेका इलामका आठ जना सम्पर्कविहीन भएको जानकारी प्राप्त भएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताउनुभयो ।

प्रजिअ ढकालका अनुसार बिहीबारसम्म प्राप्त विवरणअनुसार इलामको देउमाई नगरपालिकाका बुद्धिसागर न्यौपाने र खिनमाया न्यौपाने, माई नगरपालिकाका नरेन्द्रप्रसाद दाहाल, सन्दकपुर गाउँपालिकाका दिवानन्द सुवेदी (दीपक) सम्पर्कविहीन भएका हुन् । उनीहरूमध्ये न्यौपाने दम्पती र दाहाल गोसाइँकुण्ड तीर्थयात्रामा थिए भने सुवेदी उनीहरूका सवारी चालक हुन् ।

त्यस्तै, माईनगरका विनोद राई, फाकफोकथुम गाउँपालिका-६ का लिलाबहादुर थापा (लोक), फाकफोकथुम गाउँपालिका-६ का विनु थेगिम रहेका छन् । उनीहरू तीनै जना रसुवाको मैलुङ गगनी भन्ने स्थानमा निर्माणाधीन जलविद्युत् आयोजनामा कार्यरत कामदार रहेको प्रजिअ ढकालले बताउनुभयो ।

त्यसैगरी, बैतडीको सिगास गाउँपालिका-७ घर भई हाल सबडिभिजन वन कार्यालय माई नगरपालिकामा कार्यरत वनरक्षक लक्ष्मणसिंह ऐर पनि सम्पर्कविहीन भएका छन् । प्रजिअ ढकालले सुरक्षाकर्मी र जनप्रतिनिधिमार्फत जिल्लाका सम्पर्कविहीनको विवरण सङ्कलन भइरहेको बताउनुभएको । "बाढीमा हराएका हाम्रा जिल्लाका नागरिकको विवरण सङ्कलन भइहेको छ", प्रजिअ ढकालले भन्नुभयो, "सम्पर्कविहीन भएकाको खोजी तथा उद्धारका लागि यहाँको पालिकासँग समन्वय गरिरहेका छौँ ।"

बाढी प्रभावित क्षेत्रमा विभिन्न कामका सिलसिलामा रहेका जिल्लाका नागरिकको अवस्था बुझी सम्बन्धित परिवारलाई जानकारी गराउन अपिल गरिएको उहाँले बताउनुभयो। कार्यालयद्वारा जारी सूचनामा जिल्लास्थित आपत्कालीन उद्धार केन्द्रको फोन नम्बर १२३४ मा जानकारी गराउन वा ०२७५२३९८८ वा ९८५२६३३३९९ मा सम्पर्क गर्न आग्रह गरिएको छ। रासस

# बाढीबाट यातायात क्षेत्रमा भएको क्षतिबारे अध्ययन गर्न समिति गठन



काठमाण्डु । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले भोटेकोशी बाढीबाट यातायात क्षेत्रमा भएको क्षतिबारे अध्ययन गर्न समिति गठन गरेको छ ।

महासङ्घका अध्यक्ष सरोज सिटौलाको अध्यक्षतामा बिहीबार बसेको महासंघको आकस्मिक बैठकले बाढीबाट भएको मानवीय एवं सवार साधनको क्षतिको अध्ययन गर्न कोषाध्यक्ष राजेन्द्र आचार्यको संयोजकत्वमा सदस्यीय समिति गठन गरेको हो ।

समितिको सदस्यमा दिलबहादुर श्रेष्ठ, नरबहादुर राना र सुवन गिरीलगायत हुनुहुन्छ । समितिले बेपत्ता भएका सवारीसाधन, व्यवसायी, मजदुरको अवस्था पत्ता लगाउनेछ । यस्तै, यात्रीहरूको अवस्था र क्षतिको विवरण सङ्कलन गर्नेछ ।

महासङ्घका महासचिव डेकनाथ गौतमले बाढी प्रभावित क्षेत्रमा व्यवसायी, मजदुर वा यात्री अलपत्र परेको कुनै जानकारी भएमा महासङ्घको सचिवालयमा सम्पर्क गर्न अनुरोध गर्नुभएको छ । रासस

# नेपाल चेम्बरद्वारा प्रहरी प्रधान कार्यालयलाई सर्भिलेन्स ड्रोन हस्तान्तरण

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल चेम्बर अफ कमर्सले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रहरी प्रधान कार्यालयलाई १७ वटा सर्भिलेन्स ड्रोन हस्तान्तरण गरिएको छ ।



शुक्रबार प्रहरी प्रधान कार्यालय पुगी नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष एवं विपद् व्यवस्थापन परिषद्का सभापति दीपक कुमार मल्होत्राले नेपाल प्रहरीलाई उक्त ड्रोन हस्तान्तरण गरेका छन् ।

हस्तान्तरण गरिएका ड्रोनमध्ये २ वटा म्याभिक फोर प्रो, ५ वटा एयर थ्री एस एफएमसी आरसी टु, २ वटा मिनी फाइभ प्रो प्लस एफएमसी आरसी टु, ६ वटा लिटो वान प्लस एफएमसी आर थ्री तथा २ वटा लिटो एक्स वान एफएमसी आर टु रहेका छन् ।

ड्रोन हस्तान्तरण कार्यक्रममा प्रहरी महानिरीक्षक दानबहादुर कार्की, नेपाल चेम्बर अफ कमर्सका महानिर्देशक देवेन्द्र लामिछाने तथा वरिष्ठ प्रहरी उपरीक्षक दामोदर कंडेलको उपस्थिति रहेको थियो । विपद्का कारण प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्यलाई थप प्रभावकारी, तीव्र र प्रविधिमैत्री बनाउन सर्भिलेन्स ड्रोनले महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको चेम्बरले जनाएको छ । कठिन भौगोलिक अवस्था तथा जोखिमयुक्त क्षेत्रमा मानिसको पहुँच सीमित हुने भएकाले ड्रोनमार्फत प्रभावित क्षेत्रको निगरानी, अवस्थाको पहिचान तथा उद्धार कार्यको समन्वयमा सहयोग पुग्ने विश्वास लिइएको छ ।उद्धार कार्यलाई थप प्रभावकारी बनाउन चेम्बरले यसअघि नै ५० केजी पेलोड क्षमताको एउटा ड्रोन र एउटा सर्भिलेन्स ड्रोन विदुर नगरपालिकामा पठाइसकेको छ ।

त्यस्तै प्रभावित क्षेत्रमा सञ्चार तथा अत्यावश्यक विद्युतीय उपकरण सञ्चालनमा सहयोग पुग्ने उद्देश्यले चेम्बरले १२५ वटा पावर बैंक समेत उपलब्ध गराइसकेको छ ।

चेम्बरले विपद् प्रभावित नागरिकका लागि राहत संकलन तथा वितरण अभियानसमेत अघि बढाएको छ ।

चेम्बरले रसुवा, नुवाकोट तथा धादिङलगायत प्रभावित जिल्लामा तत्कालै नगद तथा जिन्सी सहयोग उपलब्ध गराएको छ । राहत अभियानलाई अगाडी बढाउँदै सहयोग कार्यलाई निरन्तरता दिने चेम्बरले जनाएको छ ।

# विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १५२ रुपैयाँ ५७ पैसा र बिक्रीदर १५३ रुपैयाँ १७ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १७७ रुपैयाँ ५८ पैसा र बिक्रीदर १७८ रुपैयाँ २८ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर २०७ रुपैयाँ ०९ पैसा र बिक्रीदर २०७ रुपैयाँ ९१ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १८९ रुपैयाँ २९ पैसा र बिक्रीदर १९० रुपैयाँ ०४ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर १०९ रुपैयाँ ४८ पैसा र बिक्रीदर १०९ रुपैयाँ ९१ पैसा, क्यानेडियन डलर एकको खरिददर १०९ रुपैयाँ ८९ पैसा र बिक्रीदर ११० रुपैयाँ ३३ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११९ रुपैयाँ ९४ पैसा र बिक्रीदर १२० रुपैयाँ ४१ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ५७ पैसा र बिक्रीदर नौ रुपैयाँ ६० पैसा, चिनियाँ युआन एकको खरिददर २२ रुपैयाँ ७० पैसा र बिक्रीदर २२ रुपैयाँ ७९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ४० रुपैयाँ ६४ पैसा र बिक्रीदर ४० रुपैयाँ ८० पैसा, कतारी रियाल एकको खरिददर ४१ रुपैयाँ ८५ पैसा र बिक्रीदर ४२ रुपैयाँ ०२ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ६४ पैसा र बिक्रीदर चार रुपैयाँ ६६ पैसा, युएई दिराम एकको खरिददर ४१ रुपैयाँ ५४ पैसा र बिक्रीदर ४१ रुपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३७ रुपैयाँ ८३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९८ पैसा, साउथ कोरियन वन १०० को खरिददर ११ रुपैयाँ ०३ पैसा र बिक्रीदर ११ रुपैयाँ ०८ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १६ रुपैयाँ र बिक्रीदर १६ रुपैयाँ ०६ पैसा र डेनिस क्रोनर एकको खरिददर २३ रुपैयाँ ७६ पैसा र बिक्रीदर २३ रुपैयाँ ८५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १९ रुपैयाँ ४६ पैसा र बिक्रीदर १९ रुपैयाँ ५४ पैसा, कुवेती दिनार एकको खरिददर ४९७ रुपैयाँ २१ पैसा र बिक्रीदर ४९९ रुपैयाँ १७ पैसा, बहराइन दिनार एकको खरिददर ४०४ रुपैयाँ ६९ पैसा बिक्रीदर ४०६ रुपैयाँ २८ पैसा, ओमनी रियाल एकको खरिददर ३९६ रुपैयाँ ३० पैसा र बिक्रीदर ३९७ रुपैयाँ ८६ पैसा रहेको छ।

भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ । राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ। रासस

# उद्धार कार्य जारी छ : मन्त्री श्रेष्ठ

**टुडे समाचारदाता**


काठमाण्डु । अपर त्रिशूली-३ 'बी' आयोजनाको क्याम्प क्षेत्र पहिरोको लेदोले पूर्ण रूपमा पुरिएकाहरुको उद्धार कार्य जारी रहेको छ ।

अत्यन्त कठिन र जोखिमपूर्ण परिस्थितिका बिच उद्धार तथा पहुँच स्थापना गर्ने कार्य निरन्तर अगाडि बढिरहेको छ ।

हेलिकप्टरबाट आयोजनास्थलको बारम्बार हवाई निरीक्षण गरी अवस्था मूल्याङ्कन भइरहेको छ। आवश्यक उपकरण 'एक्सकाभेटर' समेत हेलिकप्टरमार्फत घटनास्थलमा ढुवानी गरी काम सुरु गरिएको छ। उद्धार तथा खोजी कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक सबै प्रयास अघि बढाइएको जानकारी उर्जामन्त्री विराजभक्त श्रेष्ठको फेसबुक पोस्टमार्फत दिइएको छ।

मानवीय उद्धार पहिलो जिम्मेवारी भएकाले सबैको सुरक्षित उद्धार नभएसम्म प्रयास निरन्तर रहने प्रतिबद्धता व्यक्त गरिएको छ। यस संवेदनशील समयमा सम्पूर्णमा धैर्य र संयम अपनाउन तथा अपुष्ट सूचना र हल्लाको पछि नलागी आधिकारिक सूचनामा मात्र विश्वास गर्न अनुरोधसमेत गरेको छ ।

# बाढी प्रभावित जिल्लामा टेलिकमको १२० मध्ये ८० साइट सञ्चालन



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल टेलिकमले बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरूमा दूरसञ्चार सेवा पुनः सञ्चालन गर्ने कार्यलाई तीव्ररुपमा अगाडि बढाएको छ । बाढी प्रभावित क्षेत्रका कुल १२० साइटहरूमध्ये हालसम्म ८० साइटहरूमा सेवा सुचारू भइसकेको टेलिकमले प्रेस विज्ञप्ति जारी गर्दै जानकारी दिएको छ ।

टेलिकमले भदौ ११ गते हेलिकप्टरमार्फत कर्मचारी परिचालन गरी गोसाईंकुण्ड गाउँपालिका ६ स्थित रसुवा सदरमुकाम धुन्चेमा मोबाइल स्टेशन सञ्चालनमा ल्याएको थियो। भदौ १२ गते बिहानैदेखि प्राविधिकहरू रसुवा, नुवाकोट र धादिङका बाढी प्रभावित क्षेत्रमा मोबाइल सेवा पुनः सञ्चालन गर्न तथा सञ्चालित टावरहरूलाई थप भरपर्दो बनाउन निरन्तर खटिएका छन्।

रसुवा जिल्लामा बाढीका कारण बन्द भएको गोसाईंकुण्ड गाउँपालिका ५ स्थित गोलजुङ टावर (बाहुनडाँडा) सञ्चालनमा आएको छ। यसबाट स्याफ्रुबेसी, पार्वतीकुण्ड गाउँपालिका वडा नं ४ र ५, गोसाईंकुण्ड गाउँपालिका वडा नं ३ र ५ तथा स्याफ्रुबेसी-टिम्मुरे राजमार्गका केही भागमा सेवा सुचारू भएको छ ।

नुवाकोटको सूर्यगढी गाउँपालिका वडा नं ३ मा रहेको गेर्खु मोबाइल टावर सञ्चालनमा आएसँगै विदुर नगरपालिका वडा नं १० र ११ तथा सूर्यगढी गाउँपालिका वडा नं ४ का केही भागमा दूरसञ्चार सेवा पुनः सुरु भएको छ। विदुर नगरपालिका-८ मा अवस्थित तुप्चे टावर र गोसाईंकुण्ड गाउँपालिका वडा नं २, टिम्मुरे माथिको डाँडामा रहेको टावरमा हेलिकप्टरमार्फत जेनेरेटर, पेट्रोल तथा प्राविधिकहरू खटाएर सेवा सुचारू गर्ने काम भइरहेको छ ।

नेपाल टेलिकमका प्राविधिक कर्मचारीहरू भदौ १० गतेदेखि नै रसुवा जिल्लाको न्यौपानेचौर, राम्चे, गोल्जुङ र धुन्चे स्टेशनमा अनवरत खटिएका छन्। विपद्को समयमा नागरिकको सञ्चार आवश्यकतालाई सहज बनाउन कम्पनीले सेवा निरन्तरता, पूर्वसूचना तथा प्राविधिक कार्यलाई उच्च प्राथमिकतामा राखेको प्रवक्ता डा. कमल लामिछानेले बताए ।


## JOB ANNOUNCEMENT

United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters, and impact of climate *UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for the following assignments:*

UNDP

*UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for the following assignments:*

| S.N. | Position Title | Level | No. of Positions | Duty Station | First Date of Publication | Application Deadline |
|---|---|---|---|---|---|---|
| 1 | Administration and Finance Analyst - Roster Recruitment | NPSA 8 | 1 (One) | For roster (to be placed in Kathmandu and provincial offices within Nepal as per the requirement) | 4 August, 2026 | 9 September, 2026 |
| 2 | Knowledge Management Analyst | NPSA 8 | 1 (One) | Kathmandu, Nepal | 26 August, 2026 | 9 September, 2026 |

**Weblink for application: https://www.undp.org/nepal/jobs**

***Only short-listed candidates will be contacted, and UNDP retains the right to contact referees directly during the selection process.***

*UNDP is committed to achieve work force diversity and has a policy to have gender balance among staffs at all levels. Work experience and/or academic knowledge in relation to gender and social inclusion will be an added advantage. Qualified Women, Dalits, Janajatis, Madhesis, Persons with Disabilities, gender and sexual minorities and other minorities are specially encouraged to apply.*

*United Nations has a zero-tolerance against Sexual exploitation and Abuse (SEA) and Sexual Harassment (SH). Everyone is responsible for Preventing Sexual Exploitation and Abuse and Sexual Harassment (PSEA and SH), and all UN personnel must adhere to the standards of conduct that preserves PSEA principles (both during work hours and outside work hours). All selected candidates will, therefore, go through a safe hiring process.*

***All applications will be treated with highest confidentiality.***

# "प्रभावित नागरिकमै केन्द्रित छौँ"

टुडे समाचारदाता

काठमाण्डु । रसुवा, नुवाकोटलगायत भोटेकोशी-त्रिशूली करिडोरमा बाढीपछि जारी खोज तथा उद्धार अभियानलाई सरकारले तीव्रता दिएको छ।

प्रधानमन्त्री बालेन्द्र साहले शुक्रबार सामाजिक सञ्जालमार्फत विपद् प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि राज्यका सबै संयन्त्र परिचालन गरिएको जानकारी दिए।




उनका अनुसार प्रभावित क्षेत्रमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलका गरी १५ हजार ४३१ सुरक्षाकर्मी परिचालन गरिएको छ।

नेपाल प्रहरीका ४ हजार ४७३, नेपाली सेनाका ६ हजार ७५५ र सशस्त्र प्रहरीका ४ हजार २०३ जना उद्धार तथा खोजीमा खटिएका छन्।

सरकारले जनाए अनुसार हालसम्म ४ हजार ४५१ जनाको उद्धार गरिएको छ । जलविद्युत् आयोजनाका सुरुङबाट उद्धार गरिएका १९१ जना र शुक्रबार हवाई उद्धार गरिएका ५१७ जना पनि यसमा समावेश छन्।

नेपाली सेना तथा निजी क्षेत्रका गरी १६ वटा हेलिकप्टरमार्फत धुन्चे, त्रिशूली, टिमुरे, स्याफ्रुबेँसीलगायत क्षेत्रमा निरन्तर हवाई उद्धार भइरहेको छ। हालसम्म ९९ वटा हवाई उडान गरिएको प्रधानमन्त्री शाहले बताए।

उद्धारसँगै प्रभावित क्षेत्रमा राहत सामग्री पठाउने कामसमेत भइरहेको छ। हालसम्म ३२ ट्रक खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ भने हेलिकप्टरबाट ६ उडान गरी राहत सामग्री पुऱ्याइएको छ । सञ्चार सम्पर्क सहज बनाउन आवश्यक सञ्चार उपकरणसमेत प्रभावित क्षेत्रमा पठाइएको छ।

विशेषगरी जलविद्युत् आयोजनाका सुरुङमा फसेका नागरिक तथा कामदारको खोजीलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। अपर त्रिशूली जलविद्युत् आयोजना, रसुवागढी जलविद्युत् केन्द्रलगायत जोखिमयुक्त सुरुङमा विशेष उपकरणसहित खोज तथा उद्धार जारी रहेको जनाइएको छ।

बेपत्ताको खोजीलाई तल्लो तटीय क्षेत्रसम्म विस्तार गरिएको छ। रसुवादेखि नुवाकोट, धादिङ हुँदै गोरखा, तनहुँ, चितवन र नवलपरासीसम्म त्रिशूली-नारायणी नदी करिडोरमा थप सुरक्षाकर्मी परिचालन गरी बेपत्ता नागरिक तथा शवको खोजी भइरहेको छ।

त्यस्तै, हालसम्म १२९ जना विदेशी पर्यटक तथा नागरिकको उद्धार र पहिचान भएको सरकारले जनाएको छ । विदेशी नागरिकको खोज, उद्धार तथा परिवार र सम्बन्धित दूतावाससँग समन्वय गर्न परराष्ट्र मन्त्रालयले ऋभचनभलअथ ऋयलतचर्या च्यक सञ्चालनमा ल्याएको छ।

भारत, चीन तथा अन्य अन्तर्राष्ट्रिय साझेदारबाट सहयोग नलिएको भन्ने प्रचार गलत भएको प्रधानमन्त्री शाहले स्पष्ट पारेका छन् । उद्धार तथा राहतका लागि आवश्यक सहयोग र सामग्रीबारे सम्बन्धित देश तथा अन्तर्राष्ट्रिय साझेदारसँग निरन्तर समन्वय भइरहेको उनले बताएका छन्।

बाढी प्रभावित क्षेत्रमा पुनःबाढीको जोखिमलाई समेत सरकारले निरन्तर निगरानी गरिरहेको छ । सम्भावित जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना तथा सुरक्षित स्थानमा स्थानान्तरणको तयारी गरिएको छ। यस क्रममा २ लाखभन्दा बढी कःक बभिचत मार्फत नागरिकलाई पूर्वसूचना दिइएको छ।

सडक सम्पर्क पुनःस्थापनामा पनि प्रगति भएको सरकारले जनाएको छ। वैकल्पिक सडकमार्गबाट साना चारपांग्रे सवारी सञ्चालन शुरु भएको छ भने काठमाडौं-मुग्लिन सडकखण्ड एकतर्फी रूपमा सञ्चालनमा ल्याइएको छ । काठमाडौं-टोखा-छहरे हुँदै धुन्चेसम्मको वैकल्पिक सडकमार्गसमेत साना सवारीका लागि सुचारु भएको जनाइएको छ।

क्षतिग्रस्त पुलमा बाइपास खोल्ने काम शुरु गरिएको छ भने नियमित सडक सम्पर्कका लागि भारत र चीनबाट ४८ मिटर लम्बाइका १० वटा बेलिब्रिज उपलब्ध गराउन औपचारिक पहल गरिएको छ।

प्रभावित क्षेत्रमा खानेपानी, इन्धन र सरसफाइको व्यवस्था मिलाइएको छ।

# भोटेकोशी बाढीमा मधेशका १२६ जना बेपत्ता, सप्तरीबाट मात्रै ३० जना

टुडे समाचारदाता

जनकपुरधाम । रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी मधेश प्रदेशका विभिन्न जिल्लाका ठूलो संख्यामा नागरिक बेपत्ता भएका छन्।



मधेश प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको जिल्लागत अपडेट विवरणमा मधेशका आठ जिल्लाका १२६ जना बेपत्ता भएको हो।

प्रदेश प्रहरीको विवरणअनुसार सबैभन्दा बढी सप्तरीका ३० जना बेपत्ता सूचीमा छन्। त्यसपछि पर्साका २८, बाराका १९, रौतहटका १५, सर्लाहीका १०, महोत्तरीका १०, सिरहाका ९ र धनुषाका ५ जना छन्।

प्रदेश प्रहरीको सूचीमा पर्साका बेपत्तामध्ये सप्तरीबाट महादेवा, कञ्चनरूप, डाक्नेश्वरी, तिलाठी कोइलाडी, बोदेबरसाइन, राजगढलगायत स्थानीय तहका नागरिक रहेका छन्।

व ी र ग ञ ज महानगरपालिका, पोखरिया, बहुदरमाई, पटेर्वासुगौलीलगायत विभिन्न स्थानीय तहका नागरिक रहेको उल्लेख छ।

बाराका बेपत्ता व्यक्तिहरूमा कलैया उपमहानगरपालिका, परवानीपुर, निजगढ, जितपुर सिमरा, सुवर्णलगायत क्षेत्रका नागरिक छन्। रौतहटका बेपत्ता सूचीमा चन्द्रपुर, गौर, राजदेवी, ईशनाथलगायत स्थानीय तहका नागरिक छन्।

त्यस्तै सर्लाहीका बेपत्ता व्यक्तिहरूमा लालबन्दी, ईश्वरपुर तथा हरिपुर क्षेत्रका नागरिक छन्। महोत्तरीका नागरिकहरू गौशाला, जलेश्वरलगायत क्षेत्रका रहेका छन्। धनुषाका बेपत्तामध्ये हंसपुर र कमला नगरपालिका क्षेत्रका नागरिक छन्।

सिरहाबाट मिर्चैया, गोलबजार, धनगढीमाईलगायत क्षेत्रका नागरिक बेपत्ता सूचीमा छन्।

कतिपय व्यक्ति रोजगारी तथा कामको सिलसिलामा रसुवा पुगेका हुन । वेपता हुनेहरूमा अधिकांश अपर त्रिशुली जलविद्युत आयोजना र हाइड्रोपावरमा कार्यरत ईन्जिनीयर र कामदार तथा उनका परिवार रहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

तीन वर्षका बालकदेखि ७० वर्षीया महिलासम्म

बेपत्ता सूचीमा उमेरका हिसाबले पनि निकै ठूलो विविधता देखिन्छ। सप्तरीको खडक नगरपालिका-७ का ३ वर्षीय दिवस राम समेत सूचीमा छन्। त्यस्तै धनुषाको हंसपुर नगरपालिका क्षेत्रकी ७० वर्षीया ज्ञाती देवी यादव पनि बेपत्ता सूचीमा रहेको विवरणमा उल्लेख छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख ओमप्रसाद अधिकारीले फोन तथा विभिन्न सञ्चार माध्यमबाट शुक्रवार दिउंसोसम्म प्रदेशका आठै जिल्लाबाट गरि १२६ जना वेपताको नाम संकलन गरिएको छ । नामावली संकलनको क्रम जारी रहेकाले यो संख्या अझै बढन सक्ने बताएका छन्।

भोटेकोशी बाढीको प्रभाव रसुवाबाट तलतिर नुवाकोट, धादिङ, चितवनलगायत जिल्लासम्म परेको छ। नेपाल प्रहरीले शुक्रबार दिउँसोसम्म बाढीबाट ४ सय ८९ जनाको मृत्यु भएको जनाएको छ र खोज तथा उद्धार कार्य जारी रहेको बताएको छ।

# मोटरसाइकल दुर्घटनामा बारामा युवकको मृत्यु



टुडे समाचारदाता

बारा। बाराको कलैया उपमहानगरपालिका-१४ स्थित लक्ष्मिनिया चोकमा मोटरसाइकल दुर्घटना हुँदा ३३ वर्षीय सुजित पाण्डेको मृत्यु भएको छ।

बघवनबाट कलैयातर्फ आउँदै गरेको मधेश प्रदेश ०३-०२८ प ७१९६ नम्बरको मोटरसाइकल बिहीबार राति करिब १० बजे आफैँ अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका पाण्डेलाई तत्काल उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल, कलैया लगिएको थियो। त्यहाँ सामान्य उपचारपछि थप उपचारका लागि वीरगञ्जस्थित बयोधा अस्पताल पठाइएका पाण्डेलाई चिकित्सकले राति १०:५० बजे मृत घोषणा गरेका थिए।

मृतकको शव बयोधा अस्पतालमा राखिएको जिल्ला प्रहरी कार्यालय, बाराका प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिए।

दुर्घटनामा परेको मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक घलेले बताए।

# बाढी प्रभावितको खोज, उद्धार र राहतका लागि गौशाला नगरपालिकाले १० लाख सहयोग



टुडे समाचारदाता

गौशाला। चीनको तिब्बतबाट रसुवा हुँदै आएको बाढीका कारण प्रभावित नागरिकको खोज, उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउन महोत्तरीको गौशाला नगरपालिकाले १० लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ।

बाढीबाट प्रभावितहरूको खोज तथा उद्धारसँगै राहत वितरणका लागि नगरपालिकाले प्रधानमन्त्री राहत कोषमा १० लाख रुपैयाँ जम्मा गर्ने निर्णय गरेको नगर प्रमुख डा. दिपेन्द्र महतोले जानकारी दिए।

नगर प्रमुख महतोले जनाए अनुसार विपद्को यस कठिन परिस्थितिमा प्रभावित नागरिकको उद्धार तथा राहतका लागि स्थानीय तहको तर्फबाट सहयोग गर्ने निर्णय गरिएको हो । उनले भने, 'नगरपालिकाको तर्फबाट १० लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेका छौँ।'

बाढीका कारण विभिन्न क्षेत्रमा जनधनको क्षति तथा नागरिकहरू प्रभावित भइरहेका बेला खोज, उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन सहयोग आवश्यक रहेको नगरपालिकाले जनाएको छ । स्थानीय तहको स्रोतबाट प्रत्यक्ष रूपमा प्रभावित क्षेत्रमा राहत पुऱ्याउन कठिन हुने भएकाले प्रधानमन्त्री राहत कोषमार्फत सहयोग उपलब्ध गराउने निर्णय गरिएको छ।

यसैबीच, नगर प्रमुख महतोले नदी तथा खोलाको किनारमा बसोबास गर्ने नागरिकलाई सम्भावित जोखिमप्रति सचेत रहन आग्रह गरेका छन् । बाढीको जोखिम अझै रहन सक्ने भएकाले नदीको जलस्तर बढेको अवस्थामा सुरक्षित स्थानतर्फ सर्न तथा स्थानीय प्रशासन र सुरक्षा निकायले जारी गरेका सूचना र निर्देशन पालना गर्न उनले अनुरोध गरे।

उनले विपद्को समयमा नागरिक, स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित सबै पक्षबीच समन्वय र सहकार्य आवश्यक रहेको बताए।

# बाढी प्रभावित क्षेत्रमा समाचार सङ्कलन गर्न पत्रकारलाई सार्वजनिक बिदामा पनि सेवा

काठमाण्डु । भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीबाट प्रभावित क्षेत्रमा समाचार सङ्कलनका लागि पत्रकारलाई प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउन सूचना तथा प्रसारण विभागले सार्वजनिक बिदाका दिनसमेत सेवा प्रवाह गर्ने भएको छ।



विभागले बाढी प्रभावित क्षेत्रमा समाचार सङ्कलनका लागि इच्छुक नेपाली तथा विदेशी सञ्चारमाध्यमका पत्रकारलाई सहज रूपमा प्रेस प्रतिनिधि प्रमाणपत्र उपलब्ध गराउन सार्वजनिक बिदाका दिनसमेत सेवा प्रवाह गर्ने जनाएको हो।

विभागका प्रवक्ता गोविन्दप्रसाद पाण्डेका अनुसार प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र लिन विभागको वेबसाइटमार्फत अनलाइन आवेदन दिनुपर्नेछ । नेपाली पत्रकारले आवेदनका क्रममा नेपाली नागरिकताको प्रमाणपत्र, सञ्चारमाध्यमले दिएको नियुक्तिपत्र, प्रेस प्रतिनिधि प्रमाणपत्रका लागि संस्थाको सिफारिसपत्रलगायतका विवरण पेस गर्नुपर्नेछ।

त य स त ै , विदेशी पत्रकारले प्रवेशाज्ञा भएको राहदानीको प्रतिलिपि, नियुक्ति वा सम्झौतापत्र, सम्बन्धित संस्थाको सिफारिसपत्र, सम्बन्धित देशको परराष्ट्र मन्त्रालय वा नेपालस्थितराजदूतावास/कन्सुलर कार्यालयको सिफारिसपत्र र सम्बन्धित संस्थाको परिचयपत्र पेस गर्नुपर्ने विभागले जनाएको छ। अनलाइन आवेदन स्वीकृत भएपछि प्रेस प्रतिनिधि प्रमाणपत्र तथा पत्रकार परिचयपत्र लिन नियमानुसारको शुल्क अनलाइनबाट तिरी पासपोर्ट साइजका दुईप्रति तस्बिरसहित आवेदक स्वयं विभागमा उपस्थित हुनुपर्नेछ। रासस

# विपद्को घडीमा एकजुट भएर सहयोग गर्न अपिल

टुडे समाचारदाता

जनकपुरधाम । देशका विभिन्न क्षेत्रमा आएको विनाशकारी बाढी, डुबान तथा कटानबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित नागरिकको उद्धार तथा राहतमा सहयोग गर्न मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले अपिल गरेका छन्।

एक अपिल जारी गर्दै प्रदेश प्रमुख डा. कर्णले प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउने सम्पूर्ण नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका छन्। उनले बाढी तथा डुबानमा परी घाइते भएकाहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेका छन्। विपद्को कठिन अवस्थामा नेपाल सरकार, सुरक्षा निकाय तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रबाट भइरहेको उद्धार र राहत कार्यको प्रशंसा गर्दै प्रदेश प्रमुख कर्णले खोज, उद्धार तथा राहतलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायबीच निरन्तर समन्वय र उचित तालमेल आवश्यक रहेको बताए।

## गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनैपनिसमाचारवासूचनासार्वजनिकगर्नुअघिस्रोतको सत्यता जाँच गरौं,
- आधिकारिकनिकायबाटप्रकाशितसूचनारसमाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझेर बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलतसूचनाभेटिएमासम्बन्धितनिकायलाईजानकारी दिऔं।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८